अन्तिम लेखापरीक्षण प्रतिवेदन

पाँचखाल नगरपालिका
काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

पाँचखाल नगरपालिका

काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

पाँचखाल नगरपालिका

काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)
महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
बागमती प्रदेश

मितिः२०८१।२।१३

प.सं. २०८०।८१

च.नं. १९१

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री नगर प्रमुखज्यू,

पाँचखाल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

पाँचखाल, काभ्रेपलाञ्चोक ।

१. **कैफियत सहितको राय** - हामीले पाँचखाल नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड ८० लाख ४० हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.१० लाख ९७ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१८ लाख ३८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१३ लाख ६ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ३७ लाख ९९ हजार समेत रु.३ करोड ६९ लाख ४३ हजार रहेको छ । पाँचखाल नगरपालिकाको गतवर्ष सम्म रु.९ करोड ४४ लाख ४५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१३ करोड ७

लाख ३४ हजार रहेको छ । **पाँचखाल नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पाँचखाल नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(शंकर प्रसाद पन्थी)

नायब महालेखापरीक्षक

पाँचखाल नगरपालिका,

काभ्रेपलाञ्चोक जिल्ला,

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
५५	२१	३८०४०	०	२	१०९७	५५	१९	३६९४३	१८३८	३३७९९	१३०६	०	०	३५१०५	०

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
काभ्रे	९४४४५	०	६५४	९३७९१	०	३६९४३	१३०७३४

३. बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७९।८० (चालु वर्षको)	४.८	आय ठेक्कामा मूल्य अभिवृद्धि कर असुली	४९७२५०
		३६.३	लक्षित समुह पहिचान बेगर डाई मेशीन खरिद गरेको रकम नियमित भई पेश भएको	६०००००
	चालु वर्षको जम्मा			**१०९७२५०**
	गत विगत वर्षतर्फको			
२	२०७७।७८	२१	धन बहादुर बस्नेतको रु.२,४५,०००।- र नारायण कुमार राईको रु.१,५०,०००।- को पेश्की रकम असुल भई प्रमाण पेश	३९५०००
		२३	शिव प्रसाद हुमागाईको बढि भुक्तानी रकम असुल भई फस्यौंट	२५५००
		२६	कानुन विपरितको अनुगमन भत्ता रकम असुल भई फस्यौंट	८१०००
		५५	नर्म्स भन्दा बढी भुक्तानी रकम असुल भई फस्यौंट	५७८००
		५९	मापदण्ड विपरितको खर्च रकम असुल भई फस्यौंट	४७६००
		६२	ऐन विपरितको भत्ता रकम असुल भई फस्यौंट	१०२००
		७०.३	निर्देशिका विपरितको बैठक भत्ता रकम असुल भई फस्यौंट	३६५५०
	गत विगतको जम्मा			**६५३६५०**
	कुल जम्मा			**१७५०९००**

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

परिचय

१ **(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १३ वडारहेको छ भने क्षेत्रफल १०३ वर्ग किलोमिटर तथा ३५५२१ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।२१ देखि २०८०।९।१७ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - कार्यालयको विनियोजनतर्फ, राजश्वतर्फ, धरौटीतर्फ, अन्य कारोबारतर्फ, आय-व्ययतर्फ, सम्पत्ति तथा दायित्व तर्फको गरी जम्मा रु. १०४०९५६९८६।७८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा वढी भुक्तानी भएको बैठक भत्ता रु. १२७५०।०० असुली भई सञ्चित कोष दाखिला भएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानिय संचित कोष**

स्थानीय संचित कोषको आय व्यय एकीकृत विवरण देहाय अनुसार रहेको छ ।

सि. नं	कार्यक्रमकोनाम	गतआ.व को जिम्मेवारी	यसआ.व आम्दानी	जम्मा	व्ययशिर्षक	खर्च रकम
१	आन्तरिक आम्दानी	१३७९५५३७२.१७	३८९५८२९९.९५	१७६९१३६७२.१२	चालु खर्च	३८५७२६२९१।३५
	क) एकीकृतसम्पत्ती कर		९४०७१७१.३८		पुँजीगतखर्च	३७९६४७५०१।८१
	ख) अन्यबिक्रीबाट प्राप्त आय		२३३१०२.००		पेश्कीखर्च	
	ग) घर बहालकर		३४०९५३३.३६		धरौटीफिर्ता	९८०२६०७।७४
	घ) सरकारीसम्पत्तीको बहाल कर				संघीय तथा प्रदेश अनुदान फिर्ता	०.००
	ङ) बनरोयल्टी बापत प्राप्त रकम				विभिन्न कोष खर्च	३२५३१२२८।००
	च) अन्यप्रशासनिक सेवा शुल्क				विभाज्यकोष प्रदेश हिस्सा	
	छ) नक्सापास दस्तुर		१९६८७४२.८४		बैंकमैज्दात	३०५३९७०१.४३
	ज) सिफारिशदस्तुर		४१४२२९७.०२		क) मुलखातामा	
	झ)व्यक्तीगत घटना दस्तुर		५७९४४५.००		ख) धरौटी	१७६७२८९४।०८
	ञ)प्रशासनीक दण्ड जरिवाना		१२३९५०.२४		ग) विभिन्नकोषहरुमा	१२८७७३८५।४९
	ट) मालपोतरजिष्ट्रेशन शुल्क					
	ठ) अन्यराजश्व (विविध) कर, दस्तुर		१८९१९५१३.५१			
	ड)प्राकृतिक स्रोत बिक्रीबाट प्राप्त आय (विभाज्य कोष)					
	ढ)भूमिकर/मालपोत		१७४५४४.६०			
	जम्मा आन्तरिक आय		३८९५८२९९.९५			
२	अन्य विविधआम्दानी					

	क)कन्टीन्जेन्सी रकम प्राप्त					
	ख) सामाजिकसुरक्षा फिर्ता					
३	संघीयअनुदान			४७३८६१६८५.२४		
	क)समानीकरण अनुदान		१३१३५००००.००			
	ख) सशर्तअनुदान		२५२८५७६९१.७३			
	ग।समपूरक अनुदान		१३२५७६४४.००			
	घ विशेष अनुदान		०.००			
	ग)पि.एल.जि.एस.पी अनुदान		३८०९४२.००			
	घ) राजश्वबाँडफाड		७६०१५४०७.५१			
४	अन्यअनुदान					
	क) सडकबोर्ड नेपाल					
	ख) स्वीससरकार अनुदान					
	ग) जि.स.स.योजना					
	घ) द्वन्दप्रभावित सहायता अनुदान/प्रदेश					
	संघीयसभासद गत सो भ					
५	अन्तरसरकारी अख्तियारी (LMBIS)			१७२१५९३७६.८८		
	क)प्रशासनिक भवन निर्माण अनुदान					
	ख) स्थानीयपूर्वाधार वि.साझेदारी कार्यक्रम					
	ग)पर्यटन पूर्वाधार विकास कार्यक्रम		०.००			
	घ) सामाजिकसुरक्षा कार्यक्रम		१७१७०६३७६.८८		घ) सामाजिकसुरक्षा कार्यक्रम खर्च	१७१७०६३७६.८८
	ङ) प्रदेशसंसद विकास कोष					
	च) गरिवसंग वि.पी.कार्यक्रम		४५३०००.००		च) गरिवसंग वि.पी.कार्यक्रम	४५३०००.००
	छ) एकीकृतस्वास्थ्य पूर्वाधार विकास आयोजना					
६	प्रदेशसरकारवाट ह.कार्यक्रम			६४२७७७५१.००		
	क)समानीकरण अनुदान		१३४८४०००.००			
	ख) सशर्तअनुदान		१७४१७८१०.००			
	ग) सवारीकर					
	घ) समपुरकअनुदान		२८२७०९४५.००			
	ङ) विशेषअनुदान		५१०४९९६.००			
७	धरौटीरकम	१४२७९६४६.५७	१३१९०७५५.२५	२७४७०४०१.८२		

८	प्रदेशसरकार संग राजश्व बाँडफाड वापत		८२०९३१७९.२३	८२०९३१७९.२३		
९	विभिन्नकोषहरु			४४५९२९६९.२६		
	क)म.वा.वि.का.विशेष कोष					
	ख) मर्मत सम्भार वि.कोष					
	ग) मानवसंसाधन वि.कोष					
	घ)विविध खर्च खाता	८५७३४१८.४४	२५०५९९१७.९२			
	ङ) विपदव्यवस्थापन कोष					
	च) स्थानीयतह प्रकोप व्य.कोष	५४३९२४.९०	०			
	छ)स्थानीय तह आकस्मिक कोष	४०४०८९३.००	६३७४८१५.००		भिडान नभएको रकम	४१२०४८.७७
	ज) नगरशिक्षा कोष					
	जम्मा रु			**१०४१३६९०३५.५५**		**१०४१३६९०३५.५५**

३ वित्तीय विवरणको परीक्षण

३.१ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.२ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१७१७०६३७६।८८ र गरिबसंग विश्वेश्वर कार्यक्रमको रु.४५३०००।०० समेत गरी रु १७२१५९३७६।८८ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.३ फरक हिसाब

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा गत वर्षको जिम्मेवारी , यस वर्षको प्राप्ति, यस वर्षको भुक्तानी बराबर भएको अवस्थाम समेत बैङ्क मौज्दात रु. ८४६७५१।० फरक परेको छ।सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा. नं. २७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।साथै यस वर्षको कुल आम्दानी रु १०४१३६९०३५।५५ रहेकोमा रु १०४०९५६९८६।७५ को मात्र खर्च अभिलेख रहेको छ ।आय रकम मध्ये रु ४१२०४८।७७ को खर्च विवरण वा मौज्दात विवरण लेखापरीक्षणको समयमा पेश हुन सकेन ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	१६५३९३२५४.७८	७०४२५२०४५.९५	८०७७१७९५१.४	६१९३६७३२।
एकीकृत आर्थिक विवरणअनुसार	१६५३९३२५४.७८	७०४२५२०४५.९५	८०७७१७९५१.४	६१०८९९८१।
			फरक	**८४६७५१।०**

गत वर्षको वित्तीय विवरणमा रु १६५८९८३५६।० मौज्दात बाँकी रहेकोमा यस वर्ष रु ५०५१००।९२ घटी अल्या गरेको देखिन्छ ।

प्रमाण पेश नगरेको	४,१२,०४८.७७

३.४ जिम्मेवारी फरक परेको

स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु १६५८९८३५६।० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु १६५३९३२५४।७८ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु ५०५१००।९२ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु

प्रमाण पेश नगरेको	५,०५,१००

३.५ बैङ्क हिसाब विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण

तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ । फरक परेको रकमको सम्बन्धमा छानिबिन गरी यकिन गरिनु पर्दछ।

खाता	मौज्दात रु.		फरक रु.
	स्रेस्तानुसार	बैङ्क स्टेटमेन्ट अनुसार	
स्थानीय तहसञ्चित कोष खाता	२९८७८२६४.३३	३०५३९७०१.४३	६६१४३७.१
चालु खर्चखाता	०	०	०
पुँजीगत खर्चखाता	०	०	०
विविधखर्च खाता	३९०९५८६।९९	३९०९५८६।९९	०
स्थानीय तह आकस्मिक कोष खाता	८४२३८७३।६०	८४२३८७३।६०	
स्थानीय विभाज्य कोष			
स्थानीय तह प्रकोप व्यवस्थापन खाता	५४३९२४।९०	५४३९२४.९०	
धरौटी	१७६६७७९४।०८	१७६७२८९४।०८	५१००।०० गत विगत देखी फरक परेको
ग१.१, आन्तरिक राजस्व खाता	१५१३२८७।५०	१५१३२८७।५०	
	६१९३६७३१.४	६२६०३२६८.५	
जम्मा			६६६५३७.१

४ आय तर्फ

४.१ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ११६७६५८०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. ८९४६४९७१।३६ अर्थात अनुमान भन्दा ७.६६ प्रतिशत मात्र आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

४.२ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

राजस्व उपशीर्षक	अनुमानित बजेट	प्राप्त रकम	गतवर्ष प्राप्ती रु.
सम्पत्ती, बहाल तथा पट्टाको आयमा लाग्ने कर	१०,००,०००.००	०	७६,७३३.००
एकीकृत सम्पती कर	१,४३,००,०००.००	९४,०७,१७१.३८	९६,२८,९६२.००
भुमिकर/मालपोत	५,००,०००.००	१,७४,५४४.६०	३,५२,६१६.५५
घरजग्गा रजिष्टेशन दस्तुर	८,००,००,०००.००	४,२०,३८,०६७.४५	११,२५,५६,४१५.३३
वहाल कर	२५,००,०००.००	३४,०९,५३३.३६	२०,५४,९८६.६३
सवारी साधन कर (साना सवारी)	५,००,०००.००	३२,५००.००	२३,०००.००
पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	७०,००,०००.००	१०,०००.००	२५,६५,०००.००
अन्य मनोरञ्जन कर	५०,०००.००	०	०
अन्य कर	१६,१४,००,०००.००	८१,५०,०१०.८८	३४,१७,३९४.३३
अन्य बिक्रीबाट प्राप्त रकम	८,५०,०००.००	२,३३,१०२.००	११,१०,०९५.००
अन्य सेवा शुल्क तथा बिक्री	०	०	४७,५३५.००
न्यायिक दस्तूर	०	०	२,५००.००
परीक्षा शुल्क	०	०	५१,०००.००
अन्य प्रशासनिक सेवा शुल्क	०	०	१,६२,९००.००
पार्किङ्ग शुल्क	०	०	१,९७,२०४.७५
नक्सापास दस्तुर	६५,००,०००.००	१९,६८,७४२.८४	४६,४९,३५५.३३
सिफारिश दस्तुर	६०,५०,०००.००	४१,४२,२९७.०२	५७,१०,९७७.००
व्यक्तिगत घटना दर्ता दस्तुर	५,५०,०००.००	५,७९,४४५.००	७,६३,१४५.००
नाता प्रमाणित दस्तुर	७,००,०००.००	८,६२,८८२.००	६,५१,७१५.००
अन्य दस्तुर	२५,००,०००.००	३८,२९,२१६.६३	१,०४,११६.४०
प्रशासनिक दण्ड, जरिवाना र जफत	५,००,०००.००	१,२३,९५०.२४	१,३५,९००.००
अन्य राजस्व	०	०	२,२३,२५०.००
व्यवसाय कर	१,००,००,०००.००	५६,८९,११४.००	८८,०८,४९१.००
जम्मा आन्तरिक राजस्व	**४४,०४,१७,०००.००**	**१९६७२१०९६.६९**	**२८११००५७९.५४**

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

४.३ राजश्वको अभिलेख

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ५ को दफा २७ ले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको

छ। पालिकाले राजश्व अभिलेख र संकलनको लागि सवै वडाहरुमा स्वचालित प्रणालि जडान गरी राजस्वको अभिलेख राखेको जनाएको छ । यस वर्ष राजश्व आम्दानीतर्फ म.ले.प.फा. नं. १०८ नराखेको तथा दैनिक राजश्व असूलीको भौचर उठाएको देखिएन। नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा. नं. १०८ राखि राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ। साथै असूली रकम असूल भएको भोलिपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो। असूली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ। आम्दानी जस्तो सम्वेदनशील विषयमा गम्भिर भई अनिवार्य रुपमा राखुनुपर्ने दैनिक आम्दानी एवं बैंक दाखिला खाताहरुको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनुपर्ने देखिन्छ।

४.४ वन पैदावार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धि आफ्नो वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनुपर्ने र वन पैदावार बिक्रीबापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित पालिकाको स्थानीय कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले सो सम्बन्धि अभिलेख तथा वन कार्ययोजना स्वीकृत गरेको देखिएन। आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन कार्ययोजनाको स्वीकृति तथा वन पैदावारको बिक्रीबाट प्राप्त हुने रकम आम्दानी गर्नेतर्फ पहल गर्नुपर्ने भनी विगतको लेखापरीक्षण प्रतिवेदनमा समेत उल्लेख गरेकोमा हालसम्म पालिका मातहतका सामुदायिक वन उपभोक्ता समितिको अभिलेख राखी सो बमोजिम राजश्व संकलन गर्नेतर्फ कुनै काम गरेको देखिदैन।

४.५ विज्ञापन कर

बागमती प्रदेश को आर्थिक ऐन, २०७९ को दफा ६ मा बागमती प्रदेश भित्र विज्ञापन सामग्री राखेबापत लाग्ने विज्ञापन कर सम्बन्धित स्थानीय तहको कानून बमोजिम लगाइने र असुल उपर गरिने छ भन्ने व्यवस्था गरेको छ ।यस पालिकाले विज्ञापनमा कर लगाई कुनै रकम असुल गरेको छैन । तसर्थ यस सम्बन्धि नीति निर्धारण गरी कर लगाउनेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

४.६ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत गत वर्ष ६८८ जनासंग संकलन गरेकोमा यस वर्ष ६३२ जना संग कर सङ्कलन गरेको देखिन्छ । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

४.७ आय ठेक्का

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरीक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ ।साथै पालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धी कार्यविधि २०७५ मा न्यूनतम ठेक्का अंक र असुली कार्यतालिका समेत भएको कार्यान्वयन कार्ययोजना तयार गर्नुपर्ने उल्लेख छ ।आय ठेक्का सम्बन्धी कुनै कार्य योजना नबनाएको तथा कार्यविधि बमोजिम ठेक्का सकारनै हुन नसकै अवस्था भएको यथेष्ट प्रमाण र राजश्व परामर्श समितिको निर्णय वेगर ठेक्का लगाएको छैन ।आय ठेक्का नलगाउने र बार्षिक बजेट अनुसार आय अनुमान भन्दा ७२.७४ प्रतिशत घटी आय प्राप्त गरेको आय व्यय विवरण तयार गरेको छ । पालिकाको मुख्य आय स्रोतको रुपमा रहेका पार्किङ्ग शुल्क संकलन सम्बन्धी आय ठेक्का विगतमा लागेकोमा यस वर्ष कुनै ठेक्का नलगाएकोले गत वर्षको प्राप्त रु ३ लाख यस वर्ष आम्दानी हुन सकेन ।पालिकाले प्राप्त गर्नुपर्ने आयको स्रोतहरुको उपयोग नगरेकोले यस वर्ष रु ३ लाख राजश्व गुमेको देखिन्छ । यसका सम्वन्धमा सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाई आय ठेक्का लगाई राजश्व प्राप्त गर्नु पर्दछ ।

४.८ आय ठेक्कामा मूल्य अभिवृद्धि कर

✂ .... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।२१ को निर्णयबाट रु.४,९७,२५०।- सम्परीक्षण गरिएको ।)

५ परिपालनाको परीक्षण

५.१ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएपश्चात मात्र गराएको छ । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

५.२ ऐन नियमको पालना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । ऐन नियम पालनाको सम्बन्धमा देखिएका थप व्यहोराहरु देहायबमोजिम रहेका छनः

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) वमोजिम पालिकाले स्थानीय सञ्चितकोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्नेमा सो गरेको पाइएन ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाले वडाबाट संकलन गरेको राजश्व सो बमोजिम दाखिला गरेको देखिदैन ।
- मर्मत सम्बन्धी कार्यविधि बनाई खर्चमा मितव्ययिता अपनाउनुपर्ने देखिन्छ ।
- आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गरी अद्यावधिक गरेको पाइएन ।
- आवधिक योजना र मध्यकालीन खर्च संरचना तयार नभएको ।
- योजना कार्यान्वयन कार्यतालिका तर्जुमा गरी योजना कार्यान्वयन गर्नुपर्दछ ।
- सबै बजेट तथा खर्च सुत्रमा प्रविष्टी गर्ने गरेको ।
- जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता राखी अद्यावधिक नगरेको ।
- तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भुक्तानी गर्नुपर्ने देखिन्छ ।
- खरिदको गुरुयोजना र बार्षिक खरिद योजना तयार नरहेको पाइयो ।
- जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको पाइएन । विगतका प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको र सबै जिन्सी सामानको मूल्य पनि खुलाई अभिलेख नराखेको देखिन्छ ।
- ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता व्यवस्थित तरिकाले राखेको पाइएन ।
- अनुगमन मूल्याङ्कन गर्ने कार्य प्रभावकारी हुनुपर्ने ।
- सार्वजनिक सुनुवाई ४/४ महिनामा हुनुपर्नेमा, बर्षमा एकपटक मात्र गरेको पाइयो ।
- सरोकारवाला सहितको सार्वजनिक परीक्षण र सामाजिक परीक्षणलाई अनिवार्य गराउनु पर्नेमा पालना भएको पाइएन ।
- उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन गर्दा जनसहभागितालाई प्राथमिकता दिनुपर्नेमा हेभी इक्युपमेन्ट प्रयोग गरि काम सम्पन्न गर्ने गरेको देखियो ।
- यस पालिकाले भम्रण अभिलेख राखेको पाइएन ।
- सवारी लकबुक अनुसार मात्र ईन्धन खर्च लख्नुपर्नेमा लगबुक राख्ने नगरेको पाइयो ।

- मर्मत अभिलेख खाता व्यवस्थित गरी राख्नुपर्ने ।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको ।

तसर्थ ऐन नियमको पुर्ण पालना गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

६ बजेट व्यवस्थापन

६.१ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६.२ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६.३ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक,

रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार १३ वडाको लागि वडागत र पालिकास्तरका कुल ३६२ योजनामा रु ५२ करोड ६९ लाख ६६ हजार वजेट विनियोजन गरेको छ। सो मध्ये ५ लाख मुनिका १५२ स साना योजनामा रु ८ करोड ८० लाख ६८ हजार विनियोजन गरी विना प्रतिस्पर्धा लागत अनसमानमानै भुक्तानी दिई खर्च भएको छ। योजना र वजेटको छरौटले निर्माण कार्य कानुन सम्मत, मितव्ययी, प्रभावकारी र गुणस्तरीय भएको देखिएन ।

क.सं.	कार्यक्रमको नाम	कुल योजना सङ्ख्या	रकमको आधारमा योजना सङ्ख्या					
			२० लाख वढीका		५ देखि २० लाखका		रु.५लाख कमका	
१			संख्या	रकम	संख्या	रकम	संख्या	रकम
२	पालिकास्तरीय	२७४	१५	२८५७८८०००	१८८	१५३११००००	७१	८८०६८०००
३	वडास्तरीय	८८	०		७		८१	
जम्मा		३६२	१५	२८५७८८०००	१९५	१५३११००००	१५२	८८०६८०००

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

६.४ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु १ अर्ब २९ करोड ९६ लाख ७६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९/०३/२९ मा पारित भएको छ।यसैगरी २०७९/०४/०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई खर्चको अख्तियारी दिएको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

६.५ रकमान्तर

स्थानीय सरकार सञ्चानल ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ अनुसार विशेष कारण तथा परिस्थिति बाहेक कुनै बाध्यात्मक अवस्थामा रकमान्तर

गर्नुपर्ने व्यवस्था रहेको छ । यस नगरपालिकाले ऐन तथा नियमावलीको व्यवस्था अनुसार रकमान्तर गर्नुपर्ने कारण तथा अवस्था उल्लेख नगरी ६६ वटा योजना तथा कार्यक्रमको रु ४७७२००००।०० रकम रकमान्तर गरी हिउँदे नगरसभाबाट स्वीकृत गराएको छ। यसरी कारण बेगर रकमान्तर गर्ने तथा आर्थिक वर्षको विचमा रकमान्तर गरी आर्थिक वर्षको अन्तमा खर्च गर्दा नागरीक अपेक्षा अनुसार काम नहुने र आर्थिक अनुसासन हिनता बढ्ने अवस्था देखियो। सिमा र शिर्षक बाहिर रकमान्तर गरि खर्च गर्ने कार्य कानुन सम्मत देखिएन।

६.६ बजेट अवण्डा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष नगरस्तरीय योजना अन्तरगत नगरस्तरीय आकस्मिक योजनामा रु २ करोड र वडा स्तरीय योजनामा कार्यक्रम खर्च अन्तरगत आकस्मिक तथा विवध खर्च शिर्षकमा रु.२६ लाख ७५ हजार अबण्डा बजेट व्यवस्था गरी पटके रुपमा कार्यपालिकाको निर्णयका आधारमा खर्च गरेको छ । उक्त खर्च मध्ये पुँजिगत तर्फ ५१ कार्यक्रममा रु.१ करोड ९५ लाख ४८ हजार खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । नगरसभाको स्विकृति बेगर अबण्डा बजेटबाट भएको खर्च नियमित देखिएन।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहरण देहाय अनुसार छन् :

क स	भौ न र मिति	खर्च विवरण	रकम
१.	१६।२०७९।५।२२	डाडाथोक चन्डेनी सडक	४,१८,२०३.००
२.	१७।२०७९/५/२२	वडा नं १सडक किनारको पहिरो सडक सरसफाई	४५,६००.००
३.	३०।२०७९/०६/१३	सडक सरसफाई	२,९६,३२४.००
४.	३१।२०७९/६/१३	वडा न १३ मा विभिन्न सडक सरसफाइ	७,६९,३१२.००
५.	५८।२०७९/०७/२३	चण्डेनी देखी चारपिपल सडकमा ग्रावेल गर्ने कार्य	४,९७,४२३.००
६.	६४।२०७९/०८/०८	तिनपिप्ले बजारमा सडक चौडा सडक ढलान	९,७७,८५८.००
७.	१०२।२०७९/११/१४	वडा नं ९ बरबन्दिसडक मर्मत	३,२९,०२७.००
८.	१०९।२०७९/११/१८	वेला सामुदायिक वन उपभाक्तो समुहलाइ टिमुर खेती	२,००,०००.००
९.	११४।२०७९/११/२५	वडा न ८ का कच्ची सडक सरसफाइ	३,६६,९०५.००

१०.	११५।२०७९/११/२५	वडा न ११ का कच्ची सडक सरसफाइ	१,९१,३३१.००
११.	११६।२०७९/११/२५	वडा न ८ मा कच्ची वाटो सरसफाइ	३,६४,६५५.००
१२.	११७।२०७९/११/२५	वडा न ९ का कच्ची सडक सरसफाइ	२,४०,८५२.००
१३.	११८।२०७९/११/२५	वडा न ५ का कच्ची मोटरवाटो मर्मत तथा सरसफाइ	३,६६,९०५.००
१४.	१२०।२०७९/११/२६	वडा न १२ का वाटो सरसफाइ	१,६७,२९६.००
१५.	१२१।२०७९/११/२६	कच्चि वाटो सरसफाइ	४,५९,१८९.००
१६.	१२८।२०७९/११/२८	ज्यामिटार सडक सरसफाइ	४,३६,५००.००
१७.	१२९।२०७९/११/२८	सडक सरसफाइ	४,३६,५००.००
१८.	१३०।२०७९/११/२८	बाटो सरसफाइ	२,६१,११०.००

६.७ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च %
१	आर्थिक विकास	८२८३५०००	३६६०१३३१।	४.७८
२	पूर्वाधार विकास	५५५४५२०००	३४२६०५०३२।४६	४४.७६
३	सामाजिक विकास	३६०६४३०००	२८९०५३९८६।९८	३७.७७
४	बातावरण तथा विकास	३६०००००	५४६३२६।००	०.०७
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	१६२२१०००	८९३६२४१.१०	१.१७
६	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	१४८९०७०००	८७६३०८९३.६२	११.४५
जम्मा		**११६७६५८०००**	**७६५३७३७९३.१६**	६५.५४

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकासमा सबैभन्दा बढी ४४.७६ प्रतिशत र बातावरण तथा विकासमा सबै भन्दा घटीमा ०.०७ प्रतिशत रहेको छ ।

७ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

८ खर्च बिश्लेषण

८.१ पालिकाले यसवर्ष गत वर्षको नगद वाँकी समेत कुल आन्तिरक आयबाट रु १७६९१३६७२.१२ राजस्व बाँडफाँड तथा अनुदान र शसर्त अनुदानबाट रु ६७२५५१२९९.२४ समेत रु ८४९४६४९७१.३६ आम्दानी भएकोमा चालु तर्फ रु ३८५७२६२९१.३५ र पूँजिगत तर्फ रु ३७९६४७५०१.८१ समेत रु ७६५३७३७९३.७६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ११।६८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ११६३५३५४।०० खर्च भएको छ जुन आन्तरिक आयको १३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४५ प्रतिशत चालु र ५५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

८.२ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	३७९६४७	२१२६५	६२३२५	७१४८२	२२४५७५	७८०६६
प्रतिशत	**१००**	**६**	**१६**	**१९**	**५९**	**२०**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस वर्षको कुल पुँजिगत खर्च रु. ३७ करोड ९६ लाख ४७ हजार भएकोमा प्रथम त्रैमासिकमा रु. २ करोड १२ लाख ६५ हजार (६ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ६ करवड २३ लाख २५ हजार (१६ प्रतिशत) , तेस्रो त्रैमासिकमा रु. ७ करोड १४ लाख ८२ हजार (१९ प्रतिशत) र चौथो चौमासिकमा २२ करोड ४५ लाख ७५ हजार (५९ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ७ करोड ८० लाख ६६ हजार(२० प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन ।

स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

८.३ लक्ष्य प्रगति

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ३५ मा त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाउनु पर्ने तथा दफा ३६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन प्रगतिको समिक्षा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सञ्चालन गरेका पालिका स्तर तथा वडा स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।पालिकाको पुँजिगत तर्फको न्यून प्रगति रहेका कार्यक्रमहरुको विवरण निम्नानुसार रहेको छ ।

क स	मुख्य कार्यक्रम/मुख्य क्रियाकलाप	विनियोजन	खर्च	खर्च (%)
१.	कृषि			
१.१.	बिबिध	४२,४०,०००.००	३७,१५,५००.००	८७.६३
१.२.	५० प्रतिशत अनुदानमा ट्याक्टर वितरण कार्यक्रम वडा न १२	५,००,०००.००	०.००	०
२.	जलश्रोत तथा सिंचाई			
२.१.	बिबिध	२७,५०,०००.००	२०,३०,२५३.००	७३.८३
२.२.	भूमिगत सिंचाई निर्माण र स्तरोन्नति तथा मर्मत कार्यक्रम	१३,००,०००.००	९,६३,१३१.००	७४.०९
२.३.	छाप आंशिखोला खेत र आंशिखोला हलेदे बकेटार सिचाई	१३,००,०००.००	९,६३,१३१.००	७४.०९
२.४.	लघु तथा साना सिचाई कार्यक्रम	९,००,०००.००	०.००	०
२.५.	धोत्रा पिपलवोट बाँधकुलो निर्माण	९,००,०००.००	०.००	०
३.	पशुपन्छी विकास			
३.१.	पशु विकास सेवा कार्यक्रम	२,००,०००.००	०.००	०
३.२.	च्याप कटर/मल्टी च्याप कटर वितरण	२,००,०००.००	०.००	०
४.	खानेपानी तथा सरसफाई			
४.१.	खानेपानी आपूर्ति कार्यक्रम	५८,२५,०००.००	३३,७९,०७८.००	५८.०१
४.२.	खानेपानी आयोजना सम्बन्धी कार्यक्रम	१,१९,८०,०००.००	२०,२२,८४७.००	१६.८९
४.३.	ढल निर्माण तथा प्रशोधन कार्यक्रम	१,५०,०००.००	१,४५,५००.००	९७
४.४.	लामिडाँडा मिसमास टोल ढल व्यवस्थापन	१,५०,०००.००	१,४५,५००.००	९७
४.५.	पानी मुहान संरक्षण कार्यक्रम	२,००,०००.००	०.००	०
४.६.	लामिडाँडा तामाङ गाँउमा ध्याङ्ले खानेपानी मुल सुधार	२,००,०००.००	०.००	०
४.७.	बिबिध	५२,५०,०००.००	३१,०२,३७०.००	५९.०९

५.	भाषा तथा संस्कृति			
५.१.	परम्परागरत जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापनकार्यक्रम	२,००,०००.००	२,००,०००.००	१००
५.२.	पलान्चोक भगवती जात्रा व्यवस्थापन	२,००,०००.००	२,००,०००.००	१००
५.३.	बिबिध	३०,००,०००.००	१४,४१,२४४.००	४८.०४
५.४.	कोटयाङ मयालडाँडा कृष्ण मन्दिर निर्माण	५,००,०००.००	०.००	०
५.५.	बेला डाँडाघर राधाकृष्ण मन्दिर निर्माण	५,००,०००.००	०.००	०
५.६.	श्री कृष्ण प्रणामी मन्दिर गुरुयोजना	५,००,०००.००	०.००	०
५.७.	सांस्कृतिक सम्पदा संरक्षण कार्यक्रम	१२,७८,०००.००	८,८५,७०६.००	६९.३
६.	युवा तथा खेलकुद			
६.१.	खेलकूद	१,००,०००.००	०.००	०
६.२.	जागरुक युवा क्लब (खेलमैदान स्तरोन्नति	१,००,०००.००	०.००	०
७.	यातयात पूर्वाधार			
७.१.	ग्रामीण सडक निर्माण र स्तरोन्नति तथा मर्मत कार्यक्रम	८,६७,५९,०००.००	५,३३,५३,४८३.००	६१.५
७.२.	कृषि सडक निर्माण र स्तरोन्नति तथा मर्मत कार्यक्रम	१२,००,०००.००	०.००	०
७.३.	खाटा मोटरवाटो नाली सहित ग्रावेल	१२,००,०००.००	०.००	०
७.४.	पुल तथा पुलेसा निर्माण एबं मर्मत कार्यक्रम	४,००,०००.००	३,८८,०००.००	९७
७.५.	बिबिध	३,८९,५९,०००.००	८८,३७,२००.००	२२.६८
७.६.	सडक निर्माण र स्तरोन्नति तथा मर्मत कार्यक्रम	३०,८७,८५,०००.००	२०,३९,२४,२५८.३१	६६.०४
८.	भवन, आवास तथा सहरी विकास			
८.१.	सार्वजनिक भवन निर्माण	१,११,५०,०००.००	७८,५४,५००.००	७०.४४
८.२.	सरकारी भवन/सार्वजनिक स्थल मर्मत सम्भार	२४,००,०००.००	१८,०२,९५९.००	७५.१२
८.३.	तिनपिप्ले युवा क्लव भवन स्तरोन्नती	५,००,०००.००	०.००	०
८.४.	वडा न ५ कोे वडा कार्यालय भवन मर्मत सभार	१,००,०००.००	६८,०४६.००	६८.०५
८.५.	बिबिध	२,०४,४०,०००.००	१,००,७९,८८१.००	४९.३१
	उर्जा			
९.१.	बिबिध	४,००,०००.००	३,९३,९२७.५०	९८.४८
९.२.	सडक बत्ति महशुल तथा व्यवस्थापन	१,५०,०००.००	१,४३,९२७.७५	९५.९५
९.३.	सडक बत्ती महशुल व्यवस्थापन	२,५०,०००.००	२,४९,९९९.७५	१००
१०.	संचार तथा सूचना प्रबिधि			
१०.१.	सञ्चार सम्बन्धी उपकरण खरिद तथा जडान कार्य	५,००,०००.००	०.००	०

१०.२.	सूचना प्रविधि सम्बन्धी विद्युतीय उपकरण खरिद तथा मर्मत	५,००,०००.००	०.००	०
११.	सम्पदा पूर्वाधार			
११.१.	सम्पदा पूर्वाधार	७४,००,०००.००	३६,४६,२३१.००	४९.२७
१२.	वातावरण तथा जलवायु			
१२.१.	बिबिध	२०,००,०००.००	५,४६,३२६.००	२७.३२
१२.२.	नगर क्षेत्रभित्र रहेका विभिन्न खानीहरु वातावरणीय परीक्षण तथा परामर्श सेवा	२०,००,०००.००	५,४६,३२६.००	२७.३२
१२.३.	वातावरण संरक्षण कार्यक्रम	५,००,०००.००	०.००	०
१२.४.	पलाञ्चोक क्षेत्रको लागी फोहोर व्यवस्थापन तथा डम्पिङ साइट निर्माण	५,००,०००.००	०.००	०
१३.	मानब संशाधन विकास			
१३.१.	मानव संसाधन विकासयोजना तर्जुमा तथा कार्यान्वयन	५,००,०००.००	२,७९,१४१.००	५५.८३
१३.२.	राजश्वको सप्ट्वेयर खरिद	५,००,०००.००	२,७९,१४१.००	५५.८३
१४.	तथ्यांक प्रणाली			
१४.१.	पञ्जिकरणअभिलेखीकरण	५,००,०००.००	०.००	०
१४.२.	पाँचखाल न.पा. को तथ्याङ्क सहितको प्रोफाइल तयार गर्न	५,००,०००.००	०.००	०
१५.	कार्यालय सञ्चालन तथा प्रशासनिक			
१५.१.	कार्यालय सञ्चालन तथा प्रशासनिक	७६,००,०००.००	१६,८३,५६८.००	२२.१५
१५.२.	पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण	१०,००,०००.००	०.००	०
१५.३.	फर्निचर तथा फिक्चर्स	२१,००,०००.००	४,०६,५६९.००	१९.३६
१५.४.	मेशिनरी तथा औजार	३०,००,०००.००	७,७६,९९९.००	२५.९
१५.५.	सवारी साधन	१०,००,०००.००	०.००	०
	कुल जम्मा	**५२,६९,६६,०००.००**	**३१,०७,५८,५६३.८१**	**५८.९७**

८.४ वार्षिक खरिद योजना/गुरु योजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु ३७९६४७५०१।८१ पूँजीगत खर्च/खरिद निर्माण

कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

८.५ पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.२१४५५००।०० भुक्तानी दिएको पाईयो ।पूँजिगत शिर्षकबाट भएको चालु खर्च नियमित देखिएन।

क सं	भुक्तानी पाउने संस्थाको नाम	प्रयोजन	रकम
१	श्री ऐरीदेवी रोटेपिङ्ग समिति	पिङ्ग निर्माण गर्न	१४५५००।००
२	पाँचखाल युनाइटेड फुटबल संघ	पाँचखाल महोत्सव	८०००००।००
३	पलान्चोक भगवती जात्रा व्यवस्थापन उपभोक्ता समिति	जात्रा व्यवस्थापन	२०००००।००
४	सुनकोशी कोशीदेखा खानेपानी उपभोक्ता सरसफाई समिति	विद्युत महशुल भुक्तानी	१००००००।००
५	होक्से खानेपानी तथा सरसफाइ उपभोक्ता समिति	विद्युत महशुल भुक्तानी	२५००००।००
६	जनता आदर्श खानेपानी तथा सरसफाइ उपभोक्ता समिति	विद्युत महशुल भुक्तानी	२५००००।००
जम्मा			**२१४५५००।००**

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

९ संघ र प्रदेश अनुदान तर्फ

प्रदेश र संघ सरकारबाट निम्नानुसारको अनुदान प्राप्त भई खर्च भएको छ ।

	प्रदेश सरकारबाट प्राप्त		
क्र.स.	**शिर्षक**	**निकासा**	**खर्च**
१	शसर्त	१५००००००	९८८२०००
२	विशेष	७५०००००	५१०४०००
३	समपुरक	२९९५९०००	२८२७००००
	संघ सरकारबाट प्राप्त		
क्र.स.	**शिर्षक**	**निकासा**	**खर्च**
१	शसर्त	७४२५०००	२८३०२९८

२	विशेष	६००००००	०
३	समपुरक	२००००००००	१३२५७६४४

१० आन्तरिक आय

आन्तरिक आय - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

कुल खर्च	केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय राजश्व वाँडफाँड र गतको वाँकी समेत	आन्तरिक आय प्रतिशत
७६५३७३७९३.७६	४४६५४९४१७.३५	३१८८२४३७६.४१	४१.६६

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४१.६६ प्रतिशत तथा यस वर्षको खुद आय रु ८९४६४९७१।३६ को आधारमा ११.६८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

११ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा पालिकाले नियम विपरीत करारमा कर्मचारीहरु भर्ना गर्ने निजहरुको दिर्घकालिन दायित्व बहन गर्नुपर्ने अवस्था सिर्जना भएको छ। लोकसेवा आयोगबाट रिक्तपदहरुको पदपूर्ति गरी करारमा भएका नियुक्तीहरु खारेज गर्नुपर्दछ।

१२ सेवा प्रवाह तर्फ

१२.१ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम

गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१२.२ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३५ वटा ऐन, ३ वटा नियमावली, ३४ कार्यविधि लगायत ८० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । निर्माण भएका कानुनहरुको प्रभाबकारी कार्यान्वयन गर्नु पर्दछ।

१२.३ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्याैट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी मुद्दा नरहेको र यो वर्ष विभिन्न १२ विषयका कुल ५४ विवाद दर्ता भएकोमा ४२ वटा मात्र फस्र्याैट भई १२ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्याैट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सि.नं.	उजुरीको प्रकार	यस बर्ष	यो बर्ष फस्यौंट	फर्छ्योट हुन बाँकि	
१.	साँधसिमाना सम्बन्धितमुद्दा	४	१	३	
२.	गाली गलौज	३	३		
३.	जग्गा विवाद	२६	२१	५	
४.	लेनदेन	१	१		
५.	अंश भोगचलन	१	१		
६.	क्षतिपुर्ति	२	१		
७.	रुख काटी पाउँ	१		१	
८.	मेरो जग्गामा पर्खाललगाई पाउँ माटो खारेको	१	१		
९.	खानेपानी	३	३		
१०.	सार्वजनिक बाटो कायमगरी पाँउ	५	४	१	
११.	विविध	६	५	१	
१२.	लेनदेन	१		१	
जम्मा		**५४**	४२	**१२**	

१२.४ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

१३ तलवी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य र पालिकाका कर्मचारीको रु. ४३५२१३५६.२९ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१४ पदाधिकारी तथा कर्मचारी खर्च

पालिकाले कर्मचारीको पारिश्रमिक तथा भत्तमा रु २ करोड ९८ लाख ५० हजार ३०४ र पदाधिकारीको सुविधा तथा भत्तामा रु १ करोड ३५ लाख ४१ हजार ३५४ खर्च गरेको छ।कर्मचारी र पदाधिकारीको पारिश्रमिक र सुविधाको कुल खर्च रु ४ करोड ३३ लाख ९१ हजार ६५८ रहेको छ। सो बमोजिम कुल पारिश्रमिक खर्चको कर्मचारी खर्च ६९ प्रतिशत र पदाधिकारी खर्च ३१ प्रतिशत रहेको छ।

१५ भ्रमण भत्ता

गाँउ तथा नगरपालिका सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ७ अनुसार पालिका कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा सदस्यले पालिकाको क्षेत्र बाहिर बास वस्न परेमा क्रमश ३ दिन र २ दिन सम्मको भ्रमण आदेश अध्यक्ष र उपाध्यक्ष स्वयंले स्वीकृत गर्नसक्ने र सो भन्दा बढी दिनको भ्रमण आदेशको लागि कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गर्नुपर्ने व्यवस्था रहेको छ। यसै गरी दफा ८ अनुसार भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्धेश्य ,कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नु पर्ने र भ्रमणबाट फर्किएको तीन दिनभित्र भ्रमणबाट प्राप्त उपलव्धीको व्यहोरा सहितको भ्रमण प्रतिबेदन समेत कार्यालयमा पेशगर्नु पर्ने व्यबस्था रहेको छ । यसैगरी भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ अनुसार भ्रमणमा खटिने कर्मचारी वा पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि तोकिएको ढाँचामा भ्रमण अभिलेख राख्न पर्ने व्यवस्था रहेको छ । यस बर्ष पालिकाका पदाधिकारी तथा कर्मचारीलाई अनुगमन मुल्यांकन शिर्षकबाट रु ९९०३०५।००भ्रमण भत्ता खर्च लेखेको देखियो । पदाधिकारीहरुको ऐनले तोकेको अवधिभन्दा बढी अबधिको भ्रमण आदेश आफैले स्वीकृती गरेको कार्यपालिकाको बैठकबाट अनुमोदन नगरेको, भ्रमणको उद्देश्य स्पष्ट उल्लेख नगरेको, भ्रमण प्रतिबेदन दिने

नगरेको र नियमानुसार भ्रमण अभिलेख राख्ने गरेको देखिएन । कानुनमा तोकिए बमोजिमको प्रक्रिया पालना गर्नु पर्दछ।

१६ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

१७ **भाडामा लिएको सम्पत्तिको अभिलेख**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २६ र नियमावली, २०७७ को नियम ९४ मा आफ्नो निकाय अन्तरगतको सवै प्रकारको चल अचल सम्पत्ति र दायित्वको अभिलेख राख्नुपर्ने र जिन्सी मालसामान तथा तत्सम्बन्धी श्रेस्ता भण्डार शाखाको जिम्मामा रहने व्यवस्था छ । कार्यालयले भाडामा लिएका जिन्सी सामानहरुको लागि घर भाडा , सवारी साधन तथा मेशिनरी औजार भाडा र अन्य भाडा शिर्षकबाट यस वर्ष रु १५२९२३०।०० भुक्तानी गरेको छ ।भाडामा लिएको सम्पति भाडामा दिने व्यक्ति वा कार्यालयको नाम र ठेगाना, भाडामा लिएको वा दिएको सम्पत्तिको परिमाण (सङ्ख्या) , भाडामा सम्पत्ति लिने आदेश वा स्वीकृती मिति, भाडाको अवधि, अवधिको इकाइ, अवधि कति हुन्छ, प्रति एकाइ भाडा रकम, पूरै अवधिको लागि जम्मा भाडा रकम कति हो, तिरेको भाडाको रसिद वा भौचर समेतको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले भुक्तानी गरेको उक्त भाडा रकमले प्राप्त गरेको भाडाका सम्पत्तिहरुको तोकिए बमोजिमको म.ले.प.फा.नं. ४१६ तयार गरी अभिलेख राखेको छैन ।

१८ **इन्धन खर्चको मापदण्ड**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको किसिम इन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने,सरकारी सवारी साधन अनधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । साथै आफ्नो कार्यालयको नाममा दर्ता भएका सवारी साधन बाहेक अन्य कुनै पनि सवारी साधनमा सरकारी खर्चको इन्धन प्रयोग गर्न पाइने छैन । तर पालिकाले यस वर्ष पदाधिकारी,कार्यालय र अन्य इन्धन शिर्षकबाट रु. ३६९४६६७।१७ इन्धन खर्च गरेको छ । इन्धन खर्चको मापदण्ड तयार गरेको तथा सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । पालिकाले शान्ती शुरक्षाको लागि पालिकामा नियमित गस्ति तथा सुरक्षा पहरा दिएको जनाई सुरक्षा निकायहरुको लगायतका अन्य निकायको समेत इन्धन खर्च भुक्तानी गर्ने गरेको छ । अन्य निकायको खर्च भुक्तानी गर्दा सम्बन्धित निकायको तालुक निकायलाई जानकारी

गराई स्विकृती लिई व्यवस्थित अभिलेख राखि मात्र खर्च लेखु पर्छ । पालिकाले इन्धन खर्चलाई मितव्ययी तथा उत्पादनमुखी बनाउन इन्धन खर्च मापदण्ड निर्धारण गर्ने तथा इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने गर्नु पर्दछ ।

१९ नपाउने सुविधा

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई सँशोधन गर्न बनेको ऐन २०७६ ले गाँउपालिकाको अध्यक्षको निजि सचिव र सो सम्बन्धी कुनै सेवा सुविधाको बारेमा उल्लेख गरेको देखिदैन । पालिकाले तपसिल बमोजिमको नगर प्रमुख तथा उपप्रमुखको प्रेस सल्लाहकार र कानुनी सल्लाहकार नियुक्ति गरी रु ८९३७९०।० खर्च गरेको छ । कानुनी व्यवस्था विपरितको नियुक्तिि गरी पालिकालाई अधिक व्ययभार पारेको रकम नियमित नदेखिएको रु

क सं	नामथर	पद	स्केल	महंगी भत्ता	मासिक	चाडपर्व खर्च	चैत्र सम्म कुल सुविधा
१	कपिल कोइराला	प्रेस सल्लाहकार	४३६८९	२०००	४५६८९	४५६८९	४५६८९०
२	राजकुमार उप्रेती	कानुनी सल्लाहकार	४३६९०	०	४३६९०	४३६९०	४३६९००
जम्मा							**८९३७९०**

अनियमित भएको	८,९३,७९०

२० शिक्षक अवकाश कोष

यस नगरपालिकाको मिति २०८०।०१।०८ गतेको निर्णयानुसार स्थायी सेवा अवधि २० वर्ष पुरा भएका प्राथमिक तहका तपसिलका शिक्षकहरुले नगरपालिकाको सुविधासहित निवृत हुने व्यवस्थाका लागि नगरकार्यपालिकाले निर्णय गरी शिक्षा सम्वन्धी विविध क्रियाकलापको लागि म्याचिङ फण्डबाट रकम रकमान्तर गरि देहायका शिक्षकलाई देहायबमोजिम सुविधा प्रदान गरेको निर्णयले कार्यालयलाई थप व्यभार पर्न गएको छ । यसरी मापदण्ड नबनाई गरेको उक्त खर्च अनियमित देखिएको रु

क्र.सं	शिक्षकको नामथर	कार्यरत तह श्रेणी	विद्यालयको नाम ठेगाना	पाउने सुविधा रकम
१	विष्णु प्रसाद पराजुली	प्रा. शि. द्वि.	श्री नारायण स्थान आ वि	२०००००
२	यादव प्रसाद सिटौला	प्रा. शि. द्वि.	श्री जोरपाटी मा वि	२०००००
३	वावुकाजी पराजुली	प्रा. शि. द्वि.	श्री आजाद मा वि	१०००००
४	अम्बु देवी थपलिया	प्रा. शि. द्वि.	श्री दुग्धेश्वर मा वि	२०००००
५	विमला पाण्डे	प्रा. शि. द्वि.	श्री गणेश मा वि	२०००००
जम्मा				**९०००००**

अनियमित भएको	९,००,०००

२१ ऐन बिपरित करार नियुक्ती

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक निम्न पदहरुमा समेत कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. ३४२६८५२।०० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत नियुक्ति भएका सम्पुर्ण करार कर्मचारीहरु यकिन गरी भुक्तानी गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।

क्र.स.	पद	नियुक्ति संख्या	मासिक तलब भत्ता	वार्षिक तलव भत्ता रु.
१.	योजना सहायक	१	३४७३०	४५१४९०
२.	प्राविधिक सहायक	१	३४७३०	४५१४९०
३.	कृषि प्राविधिक	१	३४७३०	४५१४९०
४.	पशु स्वास्थ्य प्राविधिक	१	३४७३०	४५१४९०
५.	सामाजिक परिचालक	१	२४१५०	३१३९५०
६.	लेखापाल	१	३४७३०	४५१४९०
७.	पशु प्राविधिक	१	३२९०२	४२७७२६
८.	प्राविधिक	१	३२९०२	४२७७२६
जम्मा				**३४२६८५२**

२२ धरौटी तर्फ

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६(२) अनुसार धरौटी फिर्ता लिन पाउने म्याद प्रचलित कानुनले तोकेको भए सोही अवधिभित्र र म्याद नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम सम्बन्धी कारवाही अन्तिम रुपमा समाप्त भएको मितिले १ वर्ष भित्र धरौटी रकम फिर्ता पाउन सम्बन्धित कार्यालयमा नगदी रसिद साथ निवेदन दिनुपर्ने व्यवस्था छ । अन्यथा नियम ६७ को कार्यविधि अपनाई राजस्वमा आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । पालिकाको श्रेस्तामा धरौटी नदेखिएको तथा प्रयोजन वेगर धरौटी खातामा जम्मा भएको देखिएको रु ५१०० लाई सदरस्याहा गर्नुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	५,१००

२३ सामाजिक सुरक्षा तर्फ

पालिकाले यस वर्ष सामाजिक सुरक्षा तथा संरक्षण अन्तरगत रु १७३६८६०००।०० रकम प्राप्त गरेकोमा रु १७१७०६३७६।८८ खर्च गरेको छ । उक्त खर्च मध्ये प्रथम चौमासिकमा रु ४१२०१०७१।०० दोश्रो चौमासिकमा रु ४२७९३२४९।०० र तेस्रो चौमासिकमा रु ४४०९९०७५।०० तथा अन्तिम

चौमासिकमा रु ४४५३३७०९।०० खर्च जनाएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्

नविकरण - सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ८ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिहरुलाई सामाजिक सुरक्षा परिचयपत्र उपलव्ध गराउनु पर्ने र दफा ९ बमोजिम नविकरण गर्नुपर्ने उल्लेख छ । यस वर्ष पालिकाले उपलव्ध गराएको सामाजिक सुरक्षा परिचय पत्र नविकरण गरेको देखिदैन । पहिलो चौमासिकको भदौ भित्र परिचय पत्र नविकरण गरेरमात्र भत्ता वितरण गर्नुपर्नेमा सो वेगरै वितरण गरेकोले पहिलो चौमासिकमा बैंकमा पठाएको रकम मध्ये रु ६४६१४ दोस्रोमा रु २५५०९ र तेस्रो किस्तामा ८४७९७।८५ तथा अन्तिम किस्ता बाट रु ३६५९८।६४ फिर्ता भएको देखिन्छ ।परिचयपत्र नविकरण गरेका लाभग्राहीहरुलाई मात्रै भत्ता वितरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

विवरण सार्वजनिक - सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १६ मा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानीय तहले हरेक वर्ष सामाजिक सुरक्षाका लागि नयाँ नाम दर्ता, नविकरणको विवरण,सामाजिक सुरक्षा भत्ता वितरण गरेको विवरण र त्यस्तो भत्ता बुझिलिनेको नामावली, लगत कट्टाको विवरण र भत्ता नलिने स्वच्छिक घोषणा गर्ने व्यक्तिको नाम सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष नियमावलीमा तोकिएबमोजिमको विवरण सार्वजनिक गरेको देखिएन । विवरण सार्वजनिक गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रकृयालाई पारदर्शि बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

२४ बिबिध खर्च

पालिकाले खाजा खाना लगायको भुक्तानीमा बिबिध शिर्षकबाट रु ४५२८२२०।०० खर्च गरेको छ। यस किसिमको खर्चमा नियन्त्रण गरी नागरीकको सेवा प्रवाहमा सुधार हुने कार्यमा खर्च बढाउनु पर्दछ।

२५ मेशिनरी तथा औजार खरिद

पालिकाले मेशिनरी तथा औजार खरिदमा रु ७१ लाख १६ हजार ८४९ खर्च गरेको छ। खरिद भएका मेशिनरी औजारहरु सार्बजनिक सम्पत्ती व्यवस्थापन प्रणालिमा अभिलेख गरी प्रयोग र प्रतिफल प्राप्तीको बिश्लेषण हुनु पर्दछ। गत बिगतमा खरिद गरि प्रयोगमा रहेकमा मेशिनरी औजारहरुका अतिरिक्त यस बर्ष थप भएको मेशिनरी औजारबाट पालिकाको आय र सेवा वितरणमा भएको सुधारको हिसाब तयार गरी नगरसभामा पेश गर्नु पर्दछ।

२६ घरबाटो सिफारीश

मालपोत कार्यालय काभ्रेपलाञ्चोकको जग्गाको न्यूनतम मूल्याकन पुस्तिका आर्थिक वर्ष २०७९।८० को प्रष्टिकरण मा स्थानीय तहबाट भूउपयोग ऐन २०७६ तथा भूउपयोग नियमावली २०७९ अनुसार वर्गीकरण गरी सिफारिसमा वर्गीकरण खुली आएको खण्डमा आवासीय क्षेत्र र व्यावसायिक क्षेत्र भनी वर्गीकरण भएको जग्गाको हकमा यसमा कायम भएको मूल्यमा १० प्रतिशत थप गरी जग्गाको न्यूनतम मूल्य कायम

गरिने उल्लेख छ ।साथै प्रष्टिकरण ८ मा स्थानीय निकायको सिफारिसमा बाटो छैन भनी उल्लेख भई आएर न्यूनतम मूल्याङ्कन कायम गरी लिखत पारित भएकोमा पछी बाटो भएको जानकारी प्राप्त भएमा बाटो अनुरुपको मूल्यांकन कायम गरी राजश्व असुल गरीने उल्लखे छ । यस पालिकाले आवासिय क्षेत्र कायम गरेको स्थानको जग्गालाई समेत बाटो नभएको सिफारिश गरेको कारण राजश्व रकम घटि असूल भएको देखिन्छ । यसबाट पालिकाले कृषियोग्य जमिनलाई समेत आवासियमा बर्गिकरण गरेको वा राजश्व घटाउन मद्दत गर्ने उदेश्यले आवासिय क्षेत्रको जग्गालाई बाटो नभएको भनि सिफारिश गर्ने गरेको देखिन्छ । दुबै कार्य कानुन बिपरित भएको हुदा छानबिन गरि सम्बन्धित पदाधिकारीलाई कानुन सम्मत सिफारिश गर्न सचेत गराउनु पर्दछ। सिफारिश गलत देखिएमा सो को कारणबाट घटि दाखिला भएको राजश्व सिफारिशकर्ताबाट असूल गर्नु पर्दछ ।

र.न. र मिति	विक्रेता (ऋणी)	खरिदकर्ता (साहु)	कि.न.	ठेगाना	क्षेत्रफल	थैलि		छुट राजश्व	
						कायम	हुनुपर्ने (कच्चिबाटोको आधारमा)	रजिष्ट्रेशन शुल्क	पुँजिगत लाभकर
२३५६क २०७९।१२।२७	इन्द्रमाया श्रेष्ठ	सरीता ढलकोटी	२३०७	पाँचखाल १२ वालुवा ५	०-९-०-०	२०००००	४७२५००	१२२६३	०
२३८२क २०७९।१२।२८	रामराज र नवराज दनुवार	कान्छी दनुवार	१८०२	पाँचखाल नपा वालुवा ५	०-१३-०-०	५४५०००	६८२५००	६१८८	०
२७१०क २०८०।१।२५	उषा भ्लोन	एक नारायण सुनुवार	६०२ ५९७	पाँचखाल होक्से ९	०-५-०-० १-११-३-१	५८५०००	१३०७१८७	३२४९८	६५३५९
जम्मा								५०९४९	६५३५९

२७ **म्याद ननाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसारका निर्माण व्यवसायीलाई रु ३२६६०००.०० पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

भौ नं र मिति	पेश्की लिने कर्मचारी	रकम
५/२०७९/०५/०९	बिजय/यु एण्ड एस / एन एस - जे / भी	१२,२६,०००
२१८/२०८०/०१/०५	ओस्कार निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि	२,९०,०००
६/२०८०/०१/११	न्यू के.पि कन्स्ट्रक्सन प्रा.लि.	१७,५०,०००
जम्मा		३२६६०००

२८ वितरणमुखी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले खेलकुद तथा पर्व मनाउनका लागि विभिन्न क्लब तथा समुहहरुलाई रु. ३८४००० भुक्तानी दिएको छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ । साथै उक्त सामग्री सम्वन्धित लाभग्राहीले बुझेको भरपाई पालिकाले संलग्न नगरेको हुँदा लाभग्राहीको परिचय पत्र नम्वर तथा सम्पर्क नम्वर खुल्ने कागजात लगायत वितरणको भरपाई पेश गर्नुपर्ने रु.

सि.नं.	भौ. नं. र मिति	विवरण	खर्च रकम
१	५९२।२०८०।०२।०४	वडा न २ मा खेलकुद कार्यक्रम सचालन गरे वापत अनैकोट टाँकि युवा खेलकुद समितिलाइ रकम भुक्तानी	१०००००
२	३२८।२०७९।११।१९	वडा नं १ को सोनाम ल्हछार कार्यक्रम संचालन वापत नेपाल तामाङ घेदुङ भुत्तानी	१०००००
३	७४५।२०८०।३।११	खेलकुद विकास कार्यक्रम	३४०००
	४३४।२०७९।१२।२३	वडा न १ को शहिद सम्मान कार्यक्रम सम्पन्न वापतको रकम उ स लाइ भुक्तानी	१०००००
	२५।२०८०।०१।११	वडा न ९ मा भएको खेलकुद कार्यक्रम	५००००
जम्मा			**३८४०००**

प्रमाण पेश नगरेको	३,८४,०००

२९ कार्यक्रम अनुगमन भत्ता

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई सँशोधन गर्न बनेको ऐन २०७७ मा पदाधिकारीहरुले कार्यक्रम अनुगमन गरे वापत भत्ता पाउने व्यवस्था नभएको देखिन्छ । कर्मचारीहरुको हकमा भ्रमण खर्च नियमावली २०६४ को नियम ७ उपनियम ८ मा काठमाण्डौ उपत्यका वा कुनै प्रशासकिय जिल्लाको सदरमुकाम क्षेत्रबाट १५ किलोमिटर क्षेत्र भित्रमा भत्ता नपाउने व्यवस्था रहेको छ । पालिकाले पालिका स्तरमा नै सञ्चालन भएका कार्यक्रमको अनुगमन गरी मिति २०७९।९।७ गो भौ नं २०५ बाट पदाधिकारी तथा कर्मचारीलाई रु १११०००।० भुक्तानी गरेको देखिएको छ । कानुन विपरीत भुक्तानी गरेको अनुगमन भत्ता असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१,११,०००

३० औषधि खरिद

यस पाँचखाल नगरपालिका कार्यालय अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुका लागि आ व २०७९।८० को लागि निशुल्क वितरण गर्ने औषधी एवं सर्जिकल्स सामाग्रीहरु आवश्यक भएकोमा नेपाल सरकारको शसर्त

बजेट क्रियाकलाप कोड २.७.२२.९४२१ मा उपचारात्मक सेवा कार्यक्रम आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि चाहिने औषधि एवं सर्जिकल्स सामाग्रीहरु खरिद गरि वितरणको लागि नेपाल सरकारबाट निशुल्क वितरण गर्ने WHO GMP मान्यता प्राप्त कम्पनीहरुको औषधी एवं सर्जिकल्स सामाग्रीहरु नेपाल सरकारको शसर्त बजेट मार्फत विनियोजित भई प्राप्त भएको रकम ४६५००००।० मध्येबाट सामाग्रीहरु खरिद गरि उक्त सामाग्रीहरु न पा स्वास्थ्य शाखाको जिन्सीमा दाखिला समेत गरि ठेक्का नं PMSQ/GOODS/MED/०१/२०७९/०८०, PROCUREMENT OF MEDICINE मार्फत उक्त सामाग्री सप्लाई गर्ने मेडिगोल्ड इन्टरनेशनल प्रा लाई मिति २०८०।०२।०५ गो भौ नं १४७ बाट रकम रु १४८६३०९।० भुक्तानी गरेको देखिन्छ ।त्यसैगरी पुनः मिति २०८०।३।१८ गो भौ नं २१९ बाट औषधि खरिद वापत मेडिगोल्ड इन्टरनेशनल प्रा लि लाई ९९९८५०।० भुक्तानी गरेको देखिन्छ ।यस सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्

- खरिद गर्न पूर्व लागत अनुमान तयार गर्दा सम्बन्धित स्वास्थ्य कार्यालयहरुको बाँकी मौज्दात एकिन नगरेको,
- आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,
- औषधी सोझै खरिद गरेकोमा कम्तिमा १८ महिनाको अवधि भएको औषधी खरिद गर्नुपर्नेमा खरिद सम्झौता नगरेको, म्याद उल्लेख नगरेको र तोकिएको कार्यविधिको पालना नगरेको,
- आपूर्ति भएका औषधी एवम् सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको,
- औषधी खरिद पश्चातको गुणस्तर परीक्षण (Post Delivery Inspection - PDI) लगायतका प्रक्रिया समेत पुरा नगरी औषधी खरिद गरेकोले नियमको पालना गरेको नदेखिएको,
- औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,
- औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको। तसर्थ, औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

३१ मर्मत खर्च

तोकिएको म.ले.प फा.नं. ४१९ को ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्था बमोजिम कार्यालयले तोकिएको म.ले. प. फारामको ढाँचामा मर्मत अभिलेख खाता राख्नुपर्दछ। कार्यालयले मर्मतको लागि रु १२ लाख ९१ हजार २७१ भुक्तानी गरेकोमा सोको मर्मत अभिलेख खाता राखेको देखिएन । मर्मत सम्बन्धी कार्यविधी बनाएर मात्र मर्मतमा खर्च गर्नु पर्दछ । पालिकाले यस बर्ष निर्मित सार्बजनिक सम्पत्तिको मर्मत संभारमा रु १२ लाख ९१ हजार २७१ खर्च गरेको छ। मर्मत सम्बन्धी कार्यविधि बनाई खर्चमा मितव्ययिता अपनाउनुपर्ने देखिन्छ ।

३२ उपभोक्ता समितिमार्फत कार्य सम्पादन

३२.१ पाँचखाल नगरपालिकाको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन कार्यविधि २०७५ मा उपभवक्ता समितिलाई संझौता बमोजिमको भुक्तानी गर्दा प्राविधिक मुल्यांकनको आधारमा गर्नुपर्ने उल्लेख छ ।पालिकाले उभोक्ता समितिको कामको मुल्याकनका लागि तयार पारेको दर विश्लेशणमा सिमेन्ट प्रयोग हुने सम्पुर्ण कामहरुको लागि ओपिसि सिमन्ट प्रयोग हुने गरी तयार गरेको छ । नगर दररेटमा ओपिसि सिमेन्ट प्रति वोरा ५० किलोको मुल्य रु ७०० रहेको छ ।निम्नानुसारका उपभोक्ता सिमितिले पिसिसि र ढुंगाको गाह्रो लगाउने काममा पिपिसि सिमेन्ट प्रयोग गरेको देखिने विल भरपाई पेश गरेको अवस्थामा समेत ओपिसि सिमेन्ट प्रयोग गरेको दरको आधारमा भुक्तानी गरेको देखिन्छ ।फरक सामानको प्रयोग गरेको अवस्थामा निम्नानुसारको उपभोक्ता समितिलाई वढी दरमा भुक्तानी हुन गएको रकम असुल गर्नुपर्ने देखिएको रु

क स	उपभोक्ता समितिको नाम	कामको विवरण	परिमाण घ.मि.	भुक्तानी दर	हुनुपर्ने दर	फरक दर	वढी भुक्तानी
१	सिमालीघारी नाटयश्वरी रोड नाली निर्माण उ.स.	पिसिसि गर्ने कार्य १:३:६	११.६१	१०७४१.३९	१०२१२.३८	५२९.०१	६१४१.००
		ढुङ्गा र मसलाको प्रयोग गरि वाल लगाउने कार्य १:६	७७.०१	१०६७९.१०	१०४७५.७०	२०३.४०	१५६६३.००
२	चमेली गौडा सडक स्तरोन्नती ढलान निर्माण उ.स.	आरसिसि गर्ने कार्य १:२:४	२३.६३	१३४१५.४९	१२७९३.२७	६२२.२१	१४७०२.००
३	जनजागरण प्रा.वि. टेवा पर्खाल नि.उ.स.	पिसिसि गर्ने कार्य १:३:६	३.७६	११९०५.८९	११७०२.५०	२०३.३९	७६५.००
		ढुङ्गा र मसलाको प्रयोग गरि वाल लगाउने कार्य १:६	७०.६५	११६६४.८१	१११४५.०३	५१९.७८	३६७२२.००
४	कालिमाटी पहरीगैरा ठुलो पँधेरो सडक उ.स.	पिसिसि /आरसिसि गर्ने कार्य १:२:४	१३.०५	१३०५९.३९	१२४३७.१४	६२२.२५	८१२०.००
५	खोके टाँके कात्तिके कृषि सडक	ढुङ्गा र मसलाको प्रयोग गरि वाल लगाउने कार्य १:६	१६.१६	१०९८१.८१	१०७७८.४१	२०३.४०	३२८७.००
६	भैसेलिटोल खानेपानी मर्मत उ.स.	ढुङ्गा र मसलाको प्रयोग गरि वाल लगाउने कार्य १:६	११	११५७१.३१	११३६७.९१	२०३.४०	२२७८.००

७	हरित महिला उद्योग ग्राम जाने बाटोमा वाल निर्माण	पिसिसि गर्ने कार्य १:३:६	१७.४५	१०७४१.३९	१०२१२.३८	५२९.०१	९२३१.००
		ढुङ्गा र मसलाको प्रयोग गरि वाल लगाउने कार्य १:६	२२०.२३	१०६७९.१०	१०४७५.७०	२०३.४०	४४७९४.००
जम्मा							१४१७०३

अन्य उपभोक्ता समितिको सम्बन्धमा पालिकाले लागत अनुमान र कामको मुल्यांकनमा उल्लेख गरिएको भन्दा फरक निर्माण सामग्रीको प्रयोग गरे नगरेको एकिन गरी वढी भुक्तानी भएको सम्बन्धमा असुल गर्नुपर्ने देखिन्छ ।

असुल गर्नुपर्ने	१,४१,७०३

३२.२ ३४७.२०७९.२.१९ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमाली २०७७ को नियम ३९ उपनियम (१०) सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले मिजार टोलबाट पम्पमा निस्कने बाटो नाली आरसिसि उपभोक्ता समितिलाई साधारण प्रकारको माटो काट्ने काम मानिसबाट गर्ने गरी लागत अनुमान तयार गरेको तथा सोहि बमोजिम काम गरेको जनाई कुल काम रु ११११२७९५।१८ को मुल्यांकन गरी रु ९३७२७४।०० भुक्तानी गरेको छ ।उपभोक्ता समितिले पेश गरेको विलभरपाई तथा तस्विरहरुमा उक्त स्थानमा मेशिनले काम गरेको देखिएकोले सोहि बमोजिम मुल्यांकन हुनुपर्नेमा साधारण प्रकारको ४५।११ घनमिटर माटो प्रतिघनमिटर रु ६४२।८९ को दरले खन्ने खर्च लागेको आधारमा मुल्यांकन भई भुक्तानी भएको छ । उक्त काम मेशिनले गरेको देखिएकोले पालिका दर विश्लेशणका आधारमा प्रतिघनमिटर रु ८८।६३ को दरले मात्र भुक्तानी हुनुपर्ने देखिन्छ । यसरी सम्बन्धित निर्माण क्षेत्रको नाप जाँच र मुल्यांकनमा खटिने पदाधिकारीहरुले मानिसले काम गर्ने गरी लागत अनुमान तयार गर्ने र सोही बमोजिम काम भएको जनाउने गर्दा उक्त उपभोक्ता समितिलाई प्रतिघनमिटर रु ५५४।२६ को दरले रु २५००२।६६ को वढी मुल्यांकन भई सोही बमोजिम भुक्तानी भएको छ ।मेशिन मार्फत काम गरी मानिसले काम गर्ने दरमा भुक्तानी भएकोले यस किसिमका अन्य निर्माण कार्यहरुको पालिकाले पुनः एकिन गरी वढी भुक्तानी असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२५,००३

३२.३ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई

नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमको व्यवस्था बिपरीत खर्च गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ।

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	हेभी उपकरण	निर्माण व्यवसायी
३१७।२०८०।२।७	लेखालीटोल कृषि सडक उ.स.	सडक निर्माण	४८५०००	ब्रेकर	श्रीजल कन्स्ट्रक्सन प्रा लि
२०६।२०७९।१२।२९	सिमखोला ५२ किलो सडक उ.स.	सडक निर्माण	४८५०००	डोजर	कुन्साङ्ग कन्स्ट्रक्सन प्रा लि
४०६।२०८०।३।५	टाँके द्वारेडी खोक थुम्का सडक उ.स.	नयाँ सडक निर्माण	९७००००	डोजर	आर पी कन्स्ट्रक्सन एण्ड सप्लायर्स
११६।२०७९।११।२५	वडा ८ बाटो सरसफाइ उ.स.	सडक मर्मत	३६४६५५	डोजर	कुन्साङ्ग कन्स्ट्रक्सन प्रा लि
१३३।२०७९।११।२८	वडा १० बाटो सरसफाइ उ.स.	सडक मर्मत	३२४१३७	डोजर	मखमली निर्माण सेवा
१३१।२०७९।११।२८	बाटो सरसफाइ उ.स.	सडक मर्मत	३५७९०२	डोजर	माता भगवती कन्स्ट्रक्सन
जम्मा			२९८६६९४		

३२.४ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

३२.५ वातावरणीय अध्ययन प्रतिवेदन सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा पूर्वाधार निर्माण गर्नुपूर्व वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गाको उपलब्धता, युटिलिटी हटाउने, विस्तृत आयोजना प्रतिवेदन तयारी आदि कार्य नगरी ठेक्का व्यवस्थापन गर्न नहुने उल्लेख छ । साथै वातावरण संरक्षण ऐन २०७६ तथा नियमावली २०७७ बमोजिम विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य गर्दा प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले

निम्ननुसारका सडकका लागि नयाँ ट्र्याक खन्ने कार्यका लागि वातावरणीय अध्ययन प्रतिवेदन तयार गरेको छैन ।भौतिक विकासका लागि वातावरणमा प्रभाव पार्ने नयाँ ट्र्याक निर्माणका लागि वालावरणीय अध्ययन वेगर निम्नानुसारको खर्च गरेको छ ।वातावरणिय अध्ययन प्रतिबेदन वेगर जथाभावि रुपमा सडक कच्चि सडकको ट्रलागि डोजर चलाई याक खोल्ने कार्यमा भएको खर्च र यसबाट श्रृजना हुने प्राकृतिक बिपत्तिको सम्बन्धमा निर्णय गरी खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

क स	भौचर नम्बर र मिति	योजनाको विवरण	खर्च रकम
१	३७३।२०८०।२।२४	सतारडाँडा स्याङ्गजो नयाँ ट्रायक	९१८१५।००
२	४९।२०७९।७।१५	भक्रमदेवि वाग्ले माझडिही कृषि सडक	३९७२०२।००
३	२५९।२०८०।१।१७	नयाँ ट्र्याक निर्माण छाप ढुङेतार महांकाल तिनघरे असैलुपानी अँधेरीखोला बङगारे लुईट्ल गाउँ	२४२५००।००
४	२३६।२०८०।१।१०	आगेटार नयाँ ट्र्याक मोटरबाटो	४५८००३।००
५	१४४।२०७९।१२।३	धोन्द्रे खोला भीमसेन स्थान देखी चिप्लेनी सम्म नयाँ मोटरबाटो	६७७६९९।००
६	३३९।२०८०।२।१८	निखे बाटो नयाँ सडक	१९३५०४।००
७	४०६।२०८०।३।५	टाँके द्वारेडि खोक थुम्का (२३१०m नयाँ ट्रायक)	९७००००।००
जम्मा			३०३०७२३

३२.६ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

३२.७ १२।२०७९।५।२२ पालिकाले प्रदेश पुर्वाधार विकास कार्यक्रम (पूर्वाधार विकास तर्फ) बाट बजेट खर्च हुने गरी गत आर्थिक वर्षमा तिनकुने वुढा सिंह द्वारेडि सडक निर्माणका लागि उपभोक्ता समिति गठन भई २०७८।१२।१३ मा संझौता भई २०७९।१।३० सम्मको कार्यावधि दिएको देखिन्छ । तोकिएको कार्यावधिमा उक्त कार्य सम्पन्न हुन नसकेकोले म्याद थप भएको देखिन्छ । प्रदेशबाट प्राप्त उक्त रकम आर्थिक वर्षको अन्तमा फिर्ता गर्नुपर्ने भएकोले गत वर्षको भुक्तानी दिन बाँकी दायित्व राखि यस वर्ष संझौता बमोजिमको काम भएको जनाई रु ९०२४४७।०० भुक्तानी गरेको छ ।उपभोक्ता समितिलाई दिएको अवधिम काम सम्पन्न गर्न नसकेमा म्याद थप सम्बन्धी कानुनी व्यवस्था नरहेको अवस्थामा म्याद थप गरि पछिल्लो बर्ष भुक्तानी गरेको रकम अनियमित देखियो ।

अनियमित भएको	९,०२,४४७

३३ प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान तर्फ

३३.१ प्रदेश विशेष अनुदान तर्फ पालिकालाई सुख्खा ग्रस्त क्षेत्रमा डिपबोरिङ्ग मर्मत सम्भार तथा सुधार खर्च शिर्षक अन्तरगत रु ७५ लाख प्राप्त भएकोमा रु ५१ लाख ४ हजार मात्र खर्च भएको छ । पालिका

अन्तरगत सुख्खा ग्रस्त क्षेत्रको पहिचान गरी बजेट प्राप्त हुनासाथ योजना सञ्चालन गरी प्राप्त बजेटको उपयोग गर्ने तर्फ ध्यान दिनु पर्दछ ।यस वर्ष प्राप्त भएको रकम निम्नानुसारका योजनामा मागको आधारमा पटके भुक्तानी गरेको छ । सुख्खा ग्रस्त क्षेत्रको दिर्घकालिन समस्या समाधनका लागि विस्तृत कार्ययोजना बनाई खर्च गर्नु पर्नेमा स्विकृत योजना र कार्यक्रम बेगर भएको खर्च भएको देखियो।

क्र स	भौ न र मित	खर्च विवरण	भुक्तानी	खर्च रकम
३	१३ ।२०७९/१२/१६	वडा न २ हाँगेठाटी वस्ति खानेपानी योजनामा पम्प जडान	ॐ सत्य साइ मेशीनरी कन्सर्न	१,७४,०००.००
४	१७ ।२०८०/०२/०२	वडा न ३ र १२ मा डीप वोरिङ सम्वन्धी कार्य गर्नका लागि **Geophysical Survey**	एक्युफर जियो एण्ड इन्जिनियरिङ कन्सल्टेन्सी प्रालि	३,६२,७३०.००
५	१९ ।२०८०/०२/१७	वडा न ५ मा मुडेपानी डिप वोरिङ मर्मत कार्य	डि टि एच रक ड्रिलिङ कम्पनी प्रा लि	९,८३,१००.००
६	२५।२०८०/०३/०६	वडा न २ कोडिप वोरिङ खानेपानी आयोजना सुधार वापत	माता भगवती बिल्डर्स एण्ड सप्लायर्स प्रा लि	९,९५,३६८.००
७	३२।२०८०/०३/२०	वडा न ११ को खराने तथा वाहोरे दोभानमा इनार निर्माण	महभीर निर्माण सेवा प्रा लि	६,५५,७७०.००
८	३५।२०८०/०३/२४	पाइप खरिद	एम एम एस कन्ट्रक्सन	६३,२८०.००
९	३६।२०८०/०३/२४	दर्शनढुङगे क्षनार निर्माण	यम यम एस कन्ट्रक्सन	२,७८,३८६.००
१०	३८।२०८०/०३/२४	खेरेलथोक तथा सुनकोशि कोशीदेखा खानेपानी सम्वन्धि काम	यम यम एस कन्ट्रक्सन	२,८०,२७३.००
११	३९।२०८०/०३/२४	डिप वोरिङ खानेपानी	पम्प इन्जिनियरिङ प्रा लि	५६,१२३.००
१२	४०।२०८०/०३/२४	खानेपानी योजना निर्माण	वापत महाबीर निर्माण सेवा	९,९५,३८८.००
१३	४१।२०८०/०३/२४	डीप वाेरीङ सम्वन्धी पम्प मर्मत	वाटर इन्जिनियरिङ प्रा लि	२,६०,५७८.००
		जम्मा		**५१०४९९६**

३३.२ **थप व्ययभार -** पालिकाले संघ समपुरक अनुदान तर्फ स्कुलमुनि विचारी चउर कोल डाँडा स्वारा सडक स्तरोन्नतीका लागि रु २ करोड बजेट मध्ये रु १ करोड ३२ लाख ५७ हजार ६४४ निकासा प्राप्त गरेको छ । पालिकाको समेत ५० प्रतिशत सहभागितामा उक्त कामको लागि रु ३८९७२७६४।५९ लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेको छ । उक्त ठेक्का न्यून कबोलकर्ता श्री न्यू के पी कन्स्ट्रक्सन प्रा लि संग मिति २०७९।११।१५ मा मिति २०८०।३।२० मा काम सम्पन्न गर्ने गरी रु २५६३८०४०।३३ मा संझौता भएको छ ।आर्थिक वर्षको अन्तसम्ममा दोस्रो विलसम्मको रु १५५०९३५२।९५ भुक्तानी भएको छ । उक्त कामको लागि तोकिएको समयमा सम्पन्न हुन नसकेकोले पालिकाले २०८०।९।२० सम्म म्याद थप गरेको छ । आर्थिक वर्षको अन्तमा समपुरक अनुदान फिर्ता गरेकोले हाल सम्मको पालिकाबाट रु ४१७५९५५।०० भुक्तानी भई सकेको र संझौता बमोजिम आगामि दिनमा भुक्तानी गर्नुपर्ने रु १०१२८६८७।३८ समेत उक्त ठेक्काको कुल खर्च मध्ये रु १४३०४६४२।३८ व्यहोर्नु पर्ने अवस्था सिर्जना भएको छ । समयमा ठेक्का संझौता नभएको र संझौता अवधिमा काम सम्पन्न नभएकोले पालिकालाई रु १४८५३२२।२२ अधिक व्ययभार परेको छ ।

३४ **कोष तर्फ - हरित महिला औद्योगिक ग्राम**

भेरियशन आदेश - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ को उपदफा (२) मा दफा ४ बमोजिमको विवरण र दफा ५ बमोजिमको लागत अनुमान तोकिए बमोजिमको विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एकपटक स्वीकृत भएको डिजाइन वा लागत अनुमानमा संशोधन गर्नु पर्दा त्यस्तो संशोधन शुरुको लागत अङ्कमा पच्चीस प्रतिशत भन्दा बढी फरक परेमा वा त्रुटिपूर्ण डिजाइन गरेको वा अस्वाभाविक लागत अनमान तयार गरेको कारणले खरिद कार्य प्रभावित भएमा त्यस्तो डिजाइन वा लागत अनुमान तयार जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानून बमोजिम कारबाहीको भागिदार हुने व्यवस्था छ । पालिकाले हरित महिला औद्योगिक ग्राम निर्माणको काम मध्ये घेराबार गर्ने कामका लागि रु ८२२७७८३।९६ को लागत अनुमान तयार गरेकोमा रु ६२७५७९०।४९ मा निर्माण व्यवसायी श्री निर्मल कन्स्ट्रक्सन क्लिन सर्भिसेज प्रा लि संग सम्भौता गरेको छ ।उक्त विओक्यूमा भएको सम्पुर्ण कामको नाप जाँच गर्दा रु ३३०१७१७।९७ को मात्र काम सम्पन्न भएको छ । विस्तृत परियोजना प्रतिवेदन अनुसारको काममा निर्माण व्यवसायीले कबोल गरेको अंक भन्दा ५८ प्रतिशत घटीमा काम सम्पन्न भएकोले उक्त डिजाइन र लागत संसोधन गर्नु परेको छ । ऐनको व्यवस्था अनुरुप अस्वभाविक डिजाइन र लागत तयार भएको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने र सोही बमोजिमको लागत स्वीकृत गरी प्राविधिक पुष्ट्याँइ सहितको भेरियशन आदेश वेगर अन्तिम भुक्तानी गर्नेलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।अस्वभाविक लागत स्विकृत गरी भेरियशन आदेश वेगरको भुक्तानी गरेको अनियमित देखिएको रु.

अनियमित भएको	३३,०१,७१८

३५ **चालु तर्फ सोझै खरिद**

पालिकाले ५० प्रतिशत अनुदानमा कृषि उपकरण वितरणको कार्यक्रम सञ्चालन गरेको छ । उक्त कार्यको लागि वडा नम्बर ३ ४ ६ र १२ को विनियोजित बजेटबाट एकमुष्ठ बोलपत्र आव्हान गरी १७०F ७ HP को हाते मिनि टयाक्टर रु ३०९९०।०० को दरमा खरिद गरेकोमा वडा ११ ले सोही स्पेशिफिकेशनको ९ वटा टयक्टर दुवाल आर.एण्ड आर.भक्तपुर इन्टरप्राइजेज प्रा.लि बाट रु ४४००० को दरले सोझै खरिद गरी रु३९६०००।०० भुक्तानी गरेको छ । पालिका अन्तरगतका अनुदानमा दिइने उपकरणहरु बोलपत्र मार्फत खरिद गर्नुपर्नेमा सोझै खरिद गर्दा प्रति टयाक्टर रु १३००१ को दरले रु ११७००९।०० अधिक व्ययभार पारेको रु.

अनियमित भएको	१,१७,००९

३६ **अनुदान तर्फ**

३६.१ **अनुदानको अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि औजार टयाक्टर तथा डाइ मेशिन विभिन्न कृषक तथा समुहलाई अनुदानमा उपलव्ध गराउनका लागि रु. ४०९०९५९ को खरिद गरेको देखिन्छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए

नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

३६.२ दलित सेवाग्राहीसँग भएको सिप बमोजिमको औजार/उपकरण वितरणको लागि विभिन्न १४ जनालाई रु ८३४६०।०० को कृषि औजार उपलव्ध गराएकोमा उक्त औजार उपब्ध गराउने समयमा लाभग्राहीसंग गरेको संझौता कार्यान्वयनको अनुगमन गरेको देखिदैन ।

३६.३ ✂ .... ***(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति २०८०।१२।२१ को निर्णयबाट रु.६,००,०००।- सम्परीक्षण गरिएको ।)***

३६.४ **नाफामूलक संस्थालाई अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित आत्मनिर्भर वहुउद्देश्यीय सहकारी संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष विज संकलन केन्द्र निर्माणका लागि सहकारीलाई रु ४८५००० अनुदान दिएको छ । नियम बिपरित दिएको अनुदान दिएको नियमित नदेखिएको रु.

अनियमित भएको	४,८५,०००

३७ **पालिका पुँजिगत तर्फ**

३७.१ **जरीवाना भुक्तानी -** धारा, पानी, टेलीफोन, विजुली जस्ता कार्यालय सञ्चालन खर्चहरु तोकिएको अवधिमा छुट समेत प्राप्त गर्न सक्ने अवधिमा भुक्तानी गर्नुपर्ने हुन्छ। लेखापरीक्षको क्रममा परीक्षण सुनकोशी कोशीदेखा खानेपानी उपभोक्ता सरसफाई समितिको विद्युत महशुल र सडक वत्ति मशुल भुक्तानीको लागि पुँजिगत खर्च शिर्षकमा बजेट विनियोजन गरी महशुल भुक्तानी गरेकोमा ढिला भुक्तानी गरी जरिवाना समेत भुक्तानी गरी कार्यालयको दायित्व थप गरेको देखियो। अतः यस सम्बन्धमा पालिकाले एकिन गरी तोकिएको समयमा महशुल, शुल्क भुक्तानी नगर्ने कर्मचारीहरुलाई जिम्मेवार बनाई तोकिएको समयमा भुक्तानी नगरेकोमा लागेको जरिवाना सम्बन्धितबाट असुल उपर गर्ने व्यवस्था गर्नुपर्ने रु

सि.नं.	भौ.न. र मिति	खर्च विवरण	जरीवाना रकम
१.	५७।२०७९।७।२३	२०७८ चैत्र देखि २०७९ कार्तिक सम्मको विद्युत् महशुल	१४१४५
२.	९८।२०७९।९।२५	२०७९ मंसिरको विद्युत् महशुल	८०२३
३.	५५।२०७९।७।२०	भाद्र र आश्विनको सडक वत्ति महशुल भुक्तानी	८६२७

४.	८०।२०७९।९।७	कार्तिक र मंसिरको सडक वत्ति महशुल भुक्तानी	१८६९१
५.	१०६।२०७९।११।१५	पौष र माघको सडक वत्ति महशुल भुक्तानी	१०६८२
६.	२९०।२०७९।१।३१	खानेपानी समितिको विद्युत महशुल	४६६७
७.	४३०।२०८०।३।१७	खानेपानी समितिको विद्युत महशुल	६३६७
जम्मा			**५२५११**

असुल गर्नुपर्ने	५२,५११

३७.२ **गत वर्षको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले वहुवर्षिय योजना निर्माण नगरेको तर वार्षिक आम्दानी भन्दा वढी खर्चको अनुमान तयार गरेकोले विगतको दायित्व भुक्तानी हुन सकेको देखिएन । भुक्तानी हुन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित नगरी यस वर्षको बजेटमा समावेश गरी गत वर्षको ठेक्का व्यवस्थाको कारणले भुक्तानी दिन बाँकी रु. १७८११००००।०० र उपभोक्ता समिति तर्फको रु ८२९३०००।०० भुक्तानी दिएको छ।बहुवर्षिय योजनाको रुपमा पारित नभएका योजनाहरुको काम समयमा सम्पन्न गर्ने तर्फ ध्यान नदिँदा विगतका दायित्व रकमले आगामि बजेट तथा कार्यक्रममा असर पुग्न गएको छ ।आय अनुमान भन्दा वढीको खर्च कार्यक्रम तथा योजनाले पालिकाको दायित्व वृद्धि गरिरहेको छ । वहुवर्षिय रुपमा संञ्चालन हुने गरी स्वीकृत भएका वाहेकका कार्यक्रमको दायित्व सार्ने कार्य नियमित देखिएन। योजनागत खाता समेत नराखेको कारण बिगतको भुक्तानी गर्दा दोहोरो भुक्तानी समेत हुन सक्ने देखियो ।

३७.३ **सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २२ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन गरी स्वीकृत हुनुपर्ने र यसरी स्वीकृत आयोजना कार्यान्वयन गर्नका लागि विस्तृत सर्भेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सो अनुसारको वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नु पर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा पूर्वाधार निर्माण गर्नुपूर्व वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गाको उपलब्धता, युटिलिटी हटाउने, विस्तृत आयोजना प्रतिवेदन तयारी आदि कार्य नगरी ठेक्का व्यवस्थापन गर्न नहुने उल्लेख छ । कार्यालयले विस्तृत सम्भाव्यता अध्ययन नगरिकनै वडागत र नगरस्तरीय योजनाहरु लाई एकिकृत गरी ५२ ठेक्कामा यस वर्ष रु ३८५५९७१७१।०० बजेट खर्च गरेको छ । सम्भाव्यता अध्ययन नगरिकन योजना कार्यान्वयन गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।पालिकाले निर्माण कार्यका लागि रु ४४६०५४९०९।०० लागत लाग्ने अनुमान गरी निर्माण कार्य अगाडि बढाए तापनि विस्तृत आयोजना प्रतिवेदन एवं वातावरणीय अध्ययन प्रतिवेदनको कार्य सम्पन्न गरेको छैन । आयोजनाको डीपीआर तथा वातावरणीय प्रभाव मूल्याङ्कन भएपछि मात्र ठेक्का व्यवस्थापन गर्नु पर्नेमा लाभ लागत यकिन नगरी सञ्चालन भएका योजनाहरुबाट अपेक्षित प्रतिफल यकिन नभएकोले खर्च रकम कानुन सम्मत देखिएन।

३७.४ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १० देखि ३८ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी सम्झौता तथा कार्यान्वयन भएकोले लागत अनुमान सहि र यथार्थपरक देखिएन। वास्तबिक लागतको आधारमा नर्मस बनाई लागत अनुमान तयार गर्नु पर्दछ।

क्र.सं.	ठेक्का नम्बर	कामको विवरण	लागत अनुमान	संझौता अक	घटी %
१.	PMW१/NCB/WORKS/०१/ २०७९/०८	PADALICHAUR -WARD OFICE MAULEPOKHARI BHANJYANG ROAD UPGRADING	३०४९९९०.४६	१८६३७५७.८१	३६.२०
२.	PMW१/NCB/WORKS/०२/ २०७९/०८०	MAULEPOKHARI BHANJYANG GHUMAUNE CHAUR ROAD UPGRADING	३०४६०१५.६०	१९३१६१७.०२	३३.७४
३.	PMW१/NCB/WORKS/०३/ २०७९/०८०	GODAM DANDA SIRISTAR THATI MAYALDANDA AND TINPIPLE JYAMIRKOT ROAD UPGRADING	३९९५०३५.२७	२३७२७९०.८०	३७.६९
४.	PMW२/NCB/WORKS/०१/ २०७९/०८०	SAHALE - KHANIGAU - ARCHALE - CHHAPCHAUR ROAD,KRISHNAMANDIR - GHIMIRETOLE - PATHIPUJE ROAD AND KHOK -LAUKINI - DEVISTHAN MANDIR ROAD UPGRADING	४९९०५६१.६२	३७५९०५४.२६	२०.८९
५.	PMW३/NCB/WORKS/०१/ २०७९/०८०	BETAPATI MAIDAN ROAD AND BRAHMAPUR ROAD UPGRADING	३९९१०४८.९३	२७१०७३०.०८	२९.००
६.	PMW६/NCB/WORKS/०१/ २०७९/०८०	TINPIPLE SCHOOL TO BALUWA ROAD UPGRADING	४९६५०४७.६२	४१०९९३१.२१	१७.३७
७.	PMW६/NCB/WORKS/०२/ २०७९/०८०	TINPIPLE KA KI MILL ROAD UPGRADING	२३९७३५३.७४	१७४६६८१.३४	२३.७९
८.	PMW६/NCB/WORKS/०३/ २०७९/०८०	TINPIPLE KOLAKO CHAUR AND THATI HANUMAN GADHI ROAD UPGRADING	४००६२९३.०४	२७५८५३१.०५	२७.९६

९.	PMW७/NCB/WORKS/०१/२०७९/०७९	PURANDIHI DEKHI KUBINDE JORPIPAL RAIN	११३८३०७.३४	१५२२५२२.६५	१७.४१
१०.	PMW७/NCB/WORKS/०२/२०७९/०८०	RIGID PAVEMENT AND CANAL CONSTRUCTION IN WARD ७	५९७६९७६.०९	४४०८८८६.६२	२२.७०
११.	PMW७/NCB/WORKS/०३/२०७९/०८०	KITINI PARK TO JHIGU KHOLA RCC DRAIN AND DHAP KHOLA TO KANIKE DOVAN CANAL CONSTRUCTIO	३९८६०१७.१८	२७५३४४१.९९	२७.५१
१२.	PMW८/NCB/WORKS/०२/२०७९/०८०	WARD OFFICE SAKINI ROAD UPGRADING	४९८१८६२.४३	३१६१७३०.०३	३५.३५
१३.	PMW८/NCB/WORKS/०३/२०७९/०८०	WARD OFFICE BHANJYANG DANDA KHARKA ५२ KILO ROAD UPGRADING	४४८३१८५.१०	२६८९८०१.७०	३७.२१
१४.	PMW९/NCB/WORKS/२/ २०७९/०८०	VARIOUS R AD UPGRADING WORKS	३९९८९२९.९५	२६०४०१२.६७	
१५.	PMW१०/NCB/WORKS/०१/२०७९/०७९	BELA ADHERIKHOLA ROAD UPGRADING	४९९०३५५.८९	२९२३८१६.०६	३८.७५
१६.	PMW१०/NCB/WORKS/०२/२०७९/०८०	BELA CHIURI BOT PATLE GAU AND BAR PIPAL LUITEL GAU NAY GAU ROAD	३९९८३७१.७३	२३८४७७९.०१	३७.७५
१७.	PMW११/NCB/WORKS/०१/२०७९/०८०	SCHOOL MUNI BICHARI CHAUR AND KOLDANDA SWARA ROAD	३९९९५८३७.९९	२५६३८०४०.३३	३४.६०
१८.	PMW११/NCB/WORKS/०३/२०७९/०८०	KATUNJE RAIKAR BESI KRISHNA MANDIR ROAD AND BOHORE DOBHAN PIPAL DANDA ROAD UPGRADING	२६९१२५४.८४	१६५२४९५.०१	३६.१९
१९.	PMW१२/NCB/WORKS/०१/२०७९/०८०	OJETAR DOBLYANG KHARBESI THAKURI GAU ROAD UPGRADING	३९९१७४८.९६	३०९३९०५.१४	१८.८४
२०.	PMW१३/NCB/WORKS/०१/२०७९/०८०	KALINJOR TO KABIRE ROAD UPGRADING	४४९६९१५.३७	२७९७०२८.१७	३८.१५
२१.	PMW१३/NCB/WORKS/०२/२०७९/००	TRIPATHITHOK ROAD U GRADING	४९९६१४४.५९	३०७२८६६.३३	३७.६८
२२.	PMW१३/NCB/WORKS/०३/२०७९/०८०	VARIOUS ROAD UPGRADING WORKS IN WARD १३	११९९६३३५.९९	७९५४६२७.३३	३७.६८
२३.	PMW१३/NCB/WORKS/०४/२०७९/०८०	SUNKOSHI KOSHIDEKHA WELL CONSTRUCTION AND PROTECTION WORK	२९६७४३३.१०	१७५९९७५.२३	३८.०७

३७.५ खरिद सम्झौताको दफा ७० र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ अनुसार ठेक्काको काम पूरा भएपश्चात कार्य स्वीकार गरी त्रुटि सच्याउने अवधिमा राख्ने र सो अवधिमा निर्मित संरचनामा कुनै कमजोरी देखिएमा सोलाई सच्याउन लगानु पर्दछ ।पालिकाले निर्मंण सम्पन्न भएका ठेक्काहरुको कार्यसम्पन्न प्रतिवेदन तयार गरेको तथा त्रुटी सच्याउने अवधिमा निर्माण कार्यको अवलोकन गरी त्रुटी सच्याउन लगाएको देखिदैन। लेखापरीक्षणको क्रममा डाँडागाउँ विमिरे सडक पाँचखाल वडा ९ पहरी वस्तिको स्थलगत निरीक्षण गरीएको थियो। उक्त ठेक्का यसैवर्ष सम्पन्न भएको र कुल कामको अन्तिम विलसम्म रु २२९६५०५५।५५ भुक्तानी भएको छ । उक्त सडक खण्डमा ग्राभेल, पिसिसि ढलान र कालोपत्रेको काम भएको छ।सडक मर्मत र स्तरोन्नती गर्दा पालिका सडक गुरुयोजनाको अधिनमा रहि गर्नुपर्नेमा सडकको वर्तमान अवस्थाका आधारमा सडक फराकिलो भएको स्थानमा वढी चौडाइमा ग्राभेल र कम भएको स्थानमा कम चौडाइमा ग्राभेल र पिसिसिको काम भएको छ । निर्मित सडकमा ट्राफिक चिन्नहरु राखेको देखिदैन । पालिकाले निर्माण सम्पन्न भएका सम्पुर्ण ठेक्काको नियमित अनुगमन गरी सम्बन्धित निर्माण व्यवसायीलाई देखिएका त्रुटीहरु सच्याउन लागाउनु पर्ने देखिएको रु

सडक छेउमा स्थानीयले फालेको माटो

निर्माणि सम्पन्न पश्चात माटो फिल गर्नपर्ने देखिएको

सडक सोल्जरको छेउबाट बाटो भासिएको

अनियमित भएको	२,२९,६५,०५५.५५

३७.६ **संयुक्त उपक्रमको योग्यता -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ को उपदफा २ को खण्ड ढ४ मा ऐनको दफा ७ को उपदा ३ को खण्ड ख मा उल्लिखित कागजातमा उल्लेख भए बमोजिम कुनै सार्वजनिक निकायमा प्रयोगमा रहेको बोलपत्रदाताको प्राविधिक क्षमता त्यस्तो निकायलाई आवश्यक पर्ने हदसम्म त्यस्तो बोलपत्रदाताको प्राविधिक क्षमता थप कार्यको लागि गणना नहुने कुरा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस आयोजनाले पुर्वयोग्यता निर्धारण गरी आव्हान गरेको वोलपत्रमा योग्यता अपुग भई संयुक्त उपक्रम गठन गरी वोलपत्रमा सहभागि भएको देखिन्छ । आयोजनाले निर्धारण गरेको योग्यता पुराउनका लागि संयुक्त उपक्रममा समावेश भएका निर्माण व्यवसायीहरुको लागि तोकिएको योग्यतालाई यसै कार्यालयले आव्हान गरेको अन्य निर्माण कार्यको लागि समेत पेश गरेको देखिन्छ । ऐनको व्यवस्था बमोजिम एक कामको लागि पेश गरेको प्राविधक योग्यता अन्य कार्यको लागि

पेश गर्न नपाइने भएकोले निर्माण व्यवसायीले बोलपत्रमा भाग लिएका सम्पुर्ण ठेक्का संझौताको लागि आवश्यक योग्यतालाई एकिकृत गर्दा सो भन्दा घटी हुन नहुने देखिन्छ ।यस आयोजनाले आव्हान गरेको निम्नानुसारका ठेक्कामा एकै निर्माण व्यवसायीले एउटै योग्यताले फरक फरक ठेक्कामा सहभागिता जनाएको छ ।ऐनको व्यवस्था विपरित अयोग्य ठहरिने निर्माण व्यवसायीलाई समेत योग्यता पुगेको जनाई ठेक्का प्रदान गरी समयमा सम्पन्न नगरेको देखिन्छ । आयोग्य निर्माण व्यवसायीलाई ठेक्का प्रदान गरी तोकिएको समयमा काम सम्पन्न नभएको बिषयमा बोलपत्र मूल्यांकनमा संलग्न पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।

क्र.सं.	ठेक्का नम्बर	निर्माण व्यवसायी	संझौता रकम	अयोग्य हुनुपर्ने कारण
१.	PMW१/NCB/०१/०७८/८९	विजय/यु एण्ड एस/ एन एस जेभि	३९४५०३८१.७२	उपक्रम सदस्यको लागि तोकीएको वार्षिक कन्स्ट्रक्सन टर्न ओभर ठेक्का नम्बर PMW२/NCB/०१/०७८/८९ मा प्रयोग भएकोले अपुग रहेको तथा एक कामको लागि मात्र संयुक्त उपक्रम गठन हुनुपर्नेमा दुई कामको लागि एकै पान नम्बरमा दुई वटा ठेक्का प्रदान गरेको ।
२.	PMW२/NCB/०१/०७८/८९	विजय/यु एण्ड एस/ एन एस जेभि	२६८७८१४१.५३	
जम्मा			६६३२८५२३.25	

३७.७ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा यस ऐन र ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) वमोजिम एक आर्थिक वर्षमा एकैपटक वा पटक पटक गरी १० लाख भन्दा वढी रकमको वा एउटै आपूर्तकवाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था विपरित खरिद कार्य टुक्रा टुक्रा पारी लागत अनुमानकै हाराहारीमा निर्माण कार्य गरेको विवरण निम्नानुसार रहेको छ। सार्वजनिक निकायद्धारा भएको खरिदसम्वन्धी कार्यविधि र प्रक्रिया खुला , पारदर्शी, बस्तुनिष्ठ र विश्वसनीय बनाउन तथा खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनीयता प्रवद्र्धन गर्न खरिद योजना निर्माण गर्ने, खरिद माग प्राप्त गर्ने, खरिद गर्ने सामानको लागत अनुमान तयार गर्ने जस्ता प्रक्रियाहरु पुरागरी खरिद कार्य गर्नु पर्दछ। अतः उल्लेखित व्यवस्थाको पालना नगरी खर्च गरेको रकम नियमति नदेखिएको रु.

क्र.स.	भौ.न. र मिति	फर्मको नाम	कामको विवरण	रकम
१	१६।२०७९।५।२२	महभीर निर्माण सेवा	सडक मर्मत	३९८२१७।००
२	५८।२०७९।७।२३		बाटो ग्राभेल	४७३६५२।००
३	२९८।२०८०।२।१		सडक मर्मत	७३८६३३।००
४	३२।२०८०/०३/२० विशेष अनुदान प्रदेश	महभीर निर्माण सेवा प्रालि	इनार निर्माण	६,५५,७७०.००
५	२७।२०७९।६।१२	माता भगवती विल्डर्स एण्ड सप्लायर्स प्रालि	तामाघाट चोक र शौचालय निर्माण	२४७४३८।००
६	१०२।२०७९।११।१४		सडक मर्मत	३०५१९९।००
७	३३२।२०८०।२।१७		सडक स्तरोन्नती	९४७८०१।००

८	४१५।२०८०।३।६		सडक स्तरोन्नती	४६७२८९।००
९	६४।२०७९।८।८	विवेक वाइवा कन्स्ट्रक्सन	सडक स्तरोन्नती	९७७८५८।००
			जम्मा	**४२३३९९९।००**

अनियमित भएको	४२,३३,९९९

३७.८ **अधुरो निर्माण कार्य -** स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार सामुदायिक भवनहरु निर्माणका योजनाहरुमा बजेट विनियोजन गरी रु. १४६२९६७।०० खर्च जनाएकोमा उक्त भवनहरु उपयोगमा आउनेगरी कार्य सम्पन्न हुन नसकेको तथा यस वर्ष सोमा बजेट विनियोजन समेत नभएकोले अधुरो निर्माणले उक्त संरचनाको गुणस्तरमा समेत ह्रास आउने देखिएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । उनुत्पादक, प्रयोगबिहिन तथा प्रतिफलबिहिन कार्यमा भएको खर्च सम्बन्धित पदाधिकारीलाई जिम्मेवार प्रयोगयोग्य बनाउनु पर्दछ ।

क्र.स.	**भौ न र मिति**	**योजनाको नाम**	**भुक्तानी रकम**
१.	२५०।२०८०।१।१३	खावा सामुदायिक भवन	६७९०००।००
२.	४११।२०८०।३।६	चापावोट सामुदायिक भवन	७८३९६७।००

असुल गर्नुपर्ने	१४,६२,९६७

३७.९ **ट्याक कोट -** सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION १३०० – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने उल्लेख छ। पालिकाले देहायका ठेक्का संझौतामा सडक कालोपत्रे कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी औसत प्रतिवर्ग मिटर ०.०५ प्रति लिटरका दरले भुक्तानी दिएको देखियो । पालिकाले प्रति लिटर रु०.०५ बढी हुने गरी भुक्तानी दिएको असुल गर्नुपर्ने रु.

क्र.स.	**ठेक्काको नम्बर**	**ट्याक कोट लि.**	**भुक्तानी दर**	**नम्स भन्दा बढी**	**बढी भुक्तानी**
१.	PMW१/RC/०२/०७८/०७९	२४६७.९२	१३०	१२३.३९६	१६०४२।००

२.	PMW२/RC/०१/०७८/०७९	४११६.५०	८०	२०२.८२५	१६४६६।००
३.	PMW१/RC/०१/०७८/०७९	१०४०	१३०	५२	६७६०।००
४.	PMW३/NCB/०२/०७९/८०	५३८.२०	२००	२६.९१	५३८२।००
जम्मा					**४४६५०।००**

असुल गर्नुपर्ने	४४,६५०

३७.१० **प्राईम कोट -** सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION १३०० – BITUMINOUS SURFACE AND BASE COURSE मा प्राईम कोट प्रति वर्ग मिटर औषत ०.९ देखि १ लिटर हुने उल्लेख छ। पालिकाले ठेक्का संझौताको लागत अनुमानामा ट्याक कोटकै अनुपातमा सडक कालोपत्रे कार्यमा प्राईम कोट लाग्ने जनाई स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा घटी हुने गरी भुक्तानी दिएको देखियो ।निर्माण कार्यमा प्रयोग भएको प्राइम कोटको परिमाण जाँचका लागि ट्रे टेस्ट र डिप टेस्ट नगरेको र स्पेशिफिकेशनमा भन्दा घटी लाग्ने गरी लागत अनुमान तथा कामको भुक्तानी गरेकोले गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको मान्न सकिन्न ।नम्स बमोजिमको काम गर्न लगाउन असहज भएको वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।

३७.११ **सफ्टवेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले राजश्वको अनलाईन भुक्तानी, अनलाईन सिफारिस, अनलाईन दर्ता-चलानी, सम्पत्तिकर, आयलेखा/विविध नगदी रसिद आदि सम्बन्धी सफ्टवेयर खरिद गरी रु २७९२४२।०० खर्च गरेकोमा प्रणाली सम्बन्धी कागजात तयार नगरेकोले मानक अनुरुप भए नभएको एकिन गरेको छैन साथै खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । सम्बन्धित निकायबाट स्विकृति समेत नलिई खरिद भएको सफ्टवयरको अन्तिम भुक्तानी गर्दा उक्त प्रणालीको दीर्घकालीन उपयोगको सुनिश्चितता नभएको तथा निश्चित अवधिको कारोबार पश्चात प्रविष्ट अभिलेखको सुरक्षा तथा अभिलेखको उपयोगमा पालिकाको अधिकार प्राप्त भएको देखिने अभिलेख राखेको छैन । जसबाट प्रणालीको प्रयोगबाट पालिकाको सूचनामा अन्य पक्षको अनावश्यक पहुँच र दुरुपयोगको जोखिम रहेको छ । यस तर्फ सुधार हुनु पर्दछ ।

३७.१२ **गुणस्तर परिक्षण -** निर्माण कार्यलाई गुणस्तरयुक्त बनाउन निर्माण व्यवसायीले पेश गरे बमोजिम गर्नुपर्ने गुणस्तर परीक्षणको प्रकार र पटक अनुसार परीक्षण भए नभएको सम्बन्धमा सम्बन्धित साइट इन्जिनियरले कुनै उल्लेख गर्ने गरेको छैन । सिलवन्दी नमुनाको आधारमा गुणस्तर परीक्षण गर्नुपर्नेमा खुल्ला नमुनाको

आधारमा परीक्षण गर्दा सम्वन्धित ठेक्कामा प्रयोग हुने सामानको नमुना हो होइन एकिन गर्न सक्ने अवस्था छैन ।तसर्थ प्रत्येक बिलको भुक्तानीमा प्राविधिक नापजाँच एवं मुल्यांकनको अतिरिक्त उक्त भुक्तानीबाट भएको कार्यमा सम्बन्धित साइट इन्जिनियरबाट गुणस्तर परीक्षण गर्नुपर्ने र परीक्षण गरेको प्रत्येक पटक स्पष्टरुपमा खुलाई सिफारिस साथ भुक्तानीको लागि पठाउने, कालोपत्रे सडकको थिकनेसका साथसाथै प्राईम र ट्याककोटको स्प्रे दर समेतको परीक्षणको व्यवस्था गर्नुपर्दछ।गुणस्तर परीक्षण बापतको प्रोभिजनल समको रकम भुक्तानी गर्दा समावेश गरेको विलमा गुणस्तर परीक्षण वाहेक नमुना संकलन ढुवानी लगाएतका खर्च समेत दावि गरेको छ । सम्बन्धित साइट इन्जिनियरले परीक्षण संख्या उल्लेख नगरेको अवस्थामा परीक्षण वाहेकको अन्य खर्चको यथार्थता परिक्षण गर्न सकिएन । सम्बन्धित सााइट इन्जिनियरले गुणस्तर परिक्षणको लागि नमुना संकलन र परीक्षणको प्रमाणिकरण पश्चात मात्र गुणस्तर परीक्षण खर्च भुक्तानी गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

क्र.स.	भौचर र मिति	निर्माण व्यवसायी	गुणस्तर परीक्षण खर्च	अन्य खर्च
१	९।२०७९।५।६	भोटा सिपा निर्माण सेवा	३३९०	१९७७५
२	१९।२०७९।५।२३	महभिर निर्माण सेवा प्रा.लि.	३३९०	१९७७५
३	२६।२०७९।६।१२	देवीथान/श्री चम्पेश्वर/काबिल जे.भि.	१२४३०	४२३७५
४	२९।२०७९।६।१३	विवेक वाईवा कन्स्ट्रक्सन	३३९०	१९७७५
५	२८।२०७९।६।१३	सोवर्ण । भगवती जे.भी	२२६०	६६६७०
६	३३।२०७९।६।१३	तोङ्गसुङ्ग कुण्ड विल्डर्स	३३९०	१९७७५
७	६०।२०७९।७।२३	निरकमल	२२६०	५३११०
८	४१।२०७९।६।२५	महभिर निर्माण सेवा प्रा.लि.	३३९०	२३१६५
९	४९२।२०८०।३।२४	मोर्डन इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा.लि.	३३९०	२१६९६
१०	१५१।२०७९।१२।६	विवेक वाईवा कन्स्ट्रक्सन	४५२०	२२६००
११	४४६।२०८०।३।२०	ईश्वरी निर्माण सेवा		२१४७०
जम्मा				**३३०१८६**

३७.१३ **शिर्षक फरक -** पालिकाको विवध कोष तर्फ हरित महिला औद्योगिक ग्राम निर्माणका लागि बजेट प्राप्त भएको छ । उक्त ग्राम निर्माणका लागि तयार भएको विस्तृत परियोजना प्रतिवेदनमा उक्त निर्माणको लागि रु ७३३८११९५।११ को सिभिल कन्स्ट्रक्सन कार्य गर्नुपर्ने जनाएको छ । यस वर्ष उक्त कामको लागि घेराबार र जग्गा सम्याउनका लागि बजेट प्राप्त भएकोमा घेराबारको लागि मात्र ठेक्का लगाएको छ । उक्त कामका लागि प्राप्त भएको बजेटबाट मात्रै सो कामको भुक्तानी गर्नुपर्नेमा पालिका पुँजिगत तर्फबाट उपभोक्ता समिति निर्माण गरी उक्त स्थानको जग्गा सम्याउने काम बापत रु ९७००००।०० भुक्तानी गरेको छ । सम्बन्धित कोषबाट खर्च लेख्नुपर्ने रकमलाई पालिका पुँजिगतबाट खर्च लेखेकोले बजेट अनुसाशन पालना भएको छैन।

फोहरमैला व्यवस्थापन – फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नुपर्ने उल्लेख छ । यस वर्ष फोहोरमैला व्यवस्थापनको लागि इनरिच नेपालसंग रु ४३९०४०।०० को परामर्श सेवा खरिद गरेको छ । कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्नेमा यस वर्ष उक्त कार्यका लागि खर्च गरेपनि चालु आर्थिक वर्षमा यस सम्बन्धमा कुनै योजना कार्यान्वयन गरेको देखिदैन । फोहोरमैला व्यवस्थापन कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ .

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९।८०

कार्यालय र स्थान: पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक ।

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	दिनेश प्रसाद थानी	२०७९-५-२७	२०८०-१०-१६
कार्यालय प्रमुख	सूर्य प्रसाद गौतम	२०७९-११-१०	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	शिव प्रसाद हुमेगाँई	२०७७-६-२१	२०७९-५-२५
लेखा प्रमुख	हेम प्रसाद मिश्र	२०७८-११-२५	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरणः

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,३३५,०८४	३४,३९९,०१८.५५	१,३०६,२४८.७७	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					३८,०४०,३५१.३२
प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.					१,०९७,२५०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					३६,९४३,१०१.३२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१६५३९३२५५.०८	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३९७८४६२७७.७३	**चालु खर्च**	३८५७२६२९१.३५
प्रदेश सरकारबाट अनुदान	६४२७७७५१	**पूँजीगत खर्च**	३७९६४७५०१.८१
राजश्व बाँडफाँट	१५८१०८५८६.७४	**वित्तीय/अन्य व्यवस्था**	२१४४९३२१२.६२
आन्तरिक आय	३८९५८२९९.९५		
अन्य आय	२१६७८४८६५.०५		
कुल आय	८७५९७५७८०.४७	**कुल खर्च**	९७९८६७००५.७८
बाँकी मौज्दात		६१५०२०२९.७७	